# खोजतलास

www.khojtalashonline.com

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक २८ ◆ १८ जेठ २०८०, बिहीबार (1 June, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३

मूल्य रु २०/-


## गर्जिए माननीय महर्जन

काठमाडौं । बागमती प्रदेश सभा माननीय मीन कृष्ण महर्जनले विकास निर्माणको कार्य तिब्र गतिमा अगाडि बढाउनुपर्ने भन्दै गर्जिएका छन् ।



बागमती प्रदेश सभामा बोल्दै महर्जनले काठमाडौं हेटौंटाको सबैभन्दा छाटो कान्तिलोकपथ समयमा निर्माण नभएको भन्दै सम्बन्धित मन्त्रालयलाई ध्यानाकर्षण गराएका छन् । महामानव विशेश्वर प्रसाद कोइरालाले २०१७ सालमा सिलान्यास गरेको सो राजमार्ग बजेट निकासा भइसकेको अवस्थामा पनि ठेकेदार र सडक विभागको डिजीको भागबण्डाकै कारण हालसम्म पनि निर्माण कार्य नभएको पनि सम्बन्धित मन्त्रालयलाई ध्यानाकर्षण गराएका छन् ।

ललितपुर क्षेत्र नं. १ 'ख' प्रदेशबाट प्रत्यक्ष निर्वाचित माननीय मीन कृष्ण महर्जन विकास प्रेमी नेताको रुपमा

बाँकी सातौं पृष्ठमा

## गलत ऋण प्रवाहका कारण संकटमा प्रभु बैंक

काठमाडौं । मुलुक अहिले चरम आर्थिक मन्दीतर्फ धकेलिँदै गइरहेको छ । आर्थिक मन्दीकै कारण कतिपय चलेका सहकारीहरुले निक्षेपकर्ताहरुलाई रकम फिर्ता गर्न नसक्दा कतिपय सहकारी नै बन्द गरी सम्पर्क विहिन बन्न बाध्य भएका छन् । यस्तै आर्थिक चरम मन्दीकै कारण चलेका राम्रा बैंकहरुलाई पनि असर गरेको पाइएको छ ।



'विश्वास लिन्छौं, विश्वास दिन्छौं' भन्दै २०७० सालमा स्थापना भएको प्रभु बैंक पछिल्लो समय खराव कर्जाको दलदलमा फसेका कारण यो बैंक संकटमा पर्ने अवस्थामा पुगेको स्रोतले दाबी गरेको छ । यो अवस्था लम्बिदै गए प्रभु बैंकमा निक्षेपकर्ताको रकम जोखिममा पर्न सक्ने देखिन्छ । बैंकका सिइओ शेरचनले विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई १ अर्ब २० करोड, देउराली सहकारीका विवादित अध्यक्ष रविन्द्र चौंलागाईंलाई अरबौं ऋण, शिव शिखर एग्रोलाई ७५ करोड, भूमि इन्फ्रास्ट्रक्चर र नेपाल जनरल मार्केटिङको नाममा ठूलो रकम कर्जा लगानी गरेको स्रोतले दाबी गरेको छ । अझ रबिन्द्र चौंलागाईंले चढ्ने ल्याण्डक्रुजर गाडीमा लगानी गरेको प्रभु बैंकका कर्मचारीले किस्ता नतिरेको वर्षदिन पुग्न लाग्दासमेत सो गाडीलाई तान्ने आँटसम्म नगरेको सातदोबाटोस्थित प्रभु बैंकका एक कर्मचारीले बताएका छन् । बैंकले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई लगानी गरेको अर्ब बढी ऋण रकम उठाउन नसकिने भन्दै कर्जा विभागले सिइओ समक्ष रिपोर्ट गरिसकेको भएपनि बैंकले रिपोर्टमा सो खराव कर्जाको विषय गुपचुप राखेको छ । यसअघि सोही प्रकृतिको जानकी मेडीकल कलेजमा लगानी भएको रकम पनि डुबिसकेको छ ।

सातदोबाटो केन्द्रीय कार्यालय रहेको देउराली सहकारीका अध्यक्ष रविन्द्र चौंलागाईंले प्रभु बैंकसँग अरबौं ऋण लिए पनि त्यसको साँवा र ब्याजसमेत नबुझाएका कारण केही दिन अगाडि सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटिभ संचालक बनी सुमेरुको सम्पत्ति पनि धरासाही पार्ने उद्देश्यले बैंकका कर्मचारीहरु सुमेरु मार्टमा रहेको जग्गा देखाउनसमेत पछि परेका थिएनन् । रविन्द्र चौंलागाईंसँग फसेको अरबौं ऋण उठाउनको लागि सुमेरु मार्टको जग्गा हेर्न दैनिकजसो प्रभु बैंकका जिम्मेवार अधिकारीहरु हेर्नसमेत आउने गरेका थिए ।

त्यसैगरी, व्यवसायी दुर्गा प्रसाईं जो आफैंले एउटै बैंकबाट मात्र अर्ब बढी रकम कर्जा लिएका छन् उनैले खुलेआम बैंकको ऋण नतिर्ने अभियाननै सञ्चालन गरेका छन् । उनले आफु मात्र होइन अन्य बैंक वित्तीय संस्थाबाट कर्जा लिनेहरुलाई समेत बैंकको ऋण नतिर्न हौस्याएका छन् । यो कुराको बैंक वित्तीय संस्थाले आपत्ती जनाउन थालेपछि आफ्नो भनाईलाई सँच्याउँदै व्याज घटाएमात्र ऋण तिर्न भन्दै आएका छन् । यिनै कुरालाई हेर्दा प्रभु बैंकबाट प्रसाईंले लिएको ऋण र चौंलागाईंले लिएको अरबौं ऋण सजिलै फिर्ता आउने देखिँदैन । उनिहरुमाथि लगानी गरेको रकम डुब्ने निश्चितजस्तै छ ।

प्रभु बैंकले प्रवाह गरेका ऋण धेरैजसो खराब नजिर भएका संस्था र व्यक्तिमा लगानी गरेको पाइएको छ । त्यस्तै बैंकबाट ७५ करोड कर्जा लगानी भएको शिव शिखर एग्रोकी सञ्चालक गिता शर्मा पनि यतिबेला रकम हिनामिना गरेको आरोपमा थुनामा छिन् ।

बाँकी सातौं पृष्ठमा

## पशुपतिको जलहरीको एघार किलो सुन पचाउने को ?



काठमाडौं । सुन पचाउने क्षमता कुखुराले मात्र राख्छ । निल्यो कि पचाइहाल्यो । यहाँ त ११ किलो सुन पचाउन खोजिएको छ त्यो पनि पशुपतिनाथको । देशमा गणतन्त्र त आयो तर भ्रष्टाचार र अपराध यो हदसम्म पुगेको छ कि कुनैपनि बेला विष्फोट हुनसक्छ । पशुपतिनाथमा ११ किलो सुन जलहरीबाट गायब बनाउन ठूलै गिरोह लागेको बुझिएको छ । यो प्रकरणमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीका विश्वासपात्र नै लागे ।

पशुपति विकास कोषमा मिलन थापालाई ल्याउनुमै चलखेल थियो । इशाई मिसिनरीसँग नजिक थापाले पशुपतिमा चलिआएको प्रचलनमाथि धावा नै बोले । सुस्तरी उनले एकपछि अर्को संरचनामाथि आक्रमण नै चलाए । थापा विगतमा कोषको कोषाध्यक्ष थिए । पैसाको चलखेल राम्रो बुझेकाले उनलाई ल्याइयो । जलहरीमा ११ किलो सुन गायब घटनामा पनि उनी जोडिएका छन् । पशुपतिनाथमा जलहरीको हिसाब राम्ररी नबुझाएकाहरु तर्सिएका छन् अहिले । माओवादीले यसबारे प्रश्न नै उठायो ।

भुटानी शरणार्थी प्रकरण उठेपछि प्रचण्डमाथि लडाकु शिविरको भ्रष्टाचारको आरोप लगाइयो । यो विषय एमालेले संसदमा जोडतोडले उठायो । त्यसको प्रतिकारस्वरुप माओवादी सांसदले जलहरी प्रकरण उठाइदिए । यसले निकै विवाद भयो । जलहरी काण्डबारे कुरा उठाएका थिए । नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले । अर्काको विरुद्ध जे पनि बोल्न पाइने र आफ्नाविरुद्ध बोलेपछि सदन नै रोक्ने हर्कत एमालेले देखाएको छ ।

बाँकी सातौं पृष्ठमा

## प्रचण्डले भारतबाट के ल्याउलान् ?

काठमाडौं । प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण निकै लामो प्रतिक्षापछि भएको छ । पटक पटक तय भइसकेको भ्रमण सर्न पुग्यो भित्र भित्र । कारण थियो कहिले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी व्यस्त हुने त कहिले प्रधानमन्त्री प्रचण्ड । बजेट भाषणको पर्सिपल्ट प्रचण्ड दिल्ली पुगेका छन् । यो भ्रमणमा प्रचण्डले विगतमा जस्तो खोक्रो राष्ट्रवाद त्याग्दै विकासको मुद्दामा अगाडि बढ्ने कुरा राखेका छन् । विशेषगरी जलविद्युतमा वार कि पारको कुरा गर्ने लक्ष्य देखिएको छ प्रचण्डको । भारतले कुन कुन जलविद्युत बनाउन सक्छ या सक्दैन भन्ने प्रष्ट कुरा बुझ्न खोजे उनले । जस्ले विद्युत आयोजना होल्डमा



राख्छ उसको खोस्ने रणनीति पनि प्रचण्डमा देखिएको छ । त्यसकारण चिनियाँ कम्पनीले बनाउने भनेको तमोर खोस्ने गरी प्रक्रिया बढिसकेको छ ।

तल्लो अरुण निर्माणको सम्झौता भएको छ भारतसँग । अरुण आयोजनामा भारतको विशेष चासो छ । नेपालले विजुली पनि पाउने भएको छ अरुणमा । त्यहाँको विद्युत भारतको विहार र बँगलादेश सम्मलाई बेच्ने योजना बनाइएको छ । बँगलादेशलाई विजुली बेच्न ट्रान्समिसन लाइन चाहिन्छ भारतको । त्यसबारे पनि नेपालले कुरा राखिसकेको छ । प्रचण्ड यसपटक मोदीसँग प्रष्ट कुराहरु राख्ने जोसका लागि पुगेका छन् दिल्ली । विशेषगरी विद्युत व्यापार र जलविद्युत आयोजना निर्माणमा प्रचण्डले महत्वपूर्ण सम्झौता गर्दैछन् । यो भ्रमण विद्युत व्यापार र

बाँकी सातौं पृष्ठमा

## रेशम फेरि जेल जाने



काठमाडौं । प्रचण्डको निगाहले रेशम चौधरी जेलबाट मुक्त त भए तर उनी फेरि जेल जाने भएका छन् । चौधरीमाथि लागेको हत्याकाण्डको आरोप पुष्टि भएको छ । त्यो जघन्य हो । विभत्स हत्या नै हो । २०७२ को भदौमा नाबालकको समेत विभत्स हत्या भएको थियो टीकापुरमा । ७ प्रहरीको पनि विभत्स हत्या भयो । त्यस्तो प्रकृतिको हत्यामा राष्ट्रपतिले आममाफी दिन मिल्दैन । क्याबिनेटले आममाफीको सिफारिश नै गर्न मिल्दैन । अर्को विषय सर्वोच्च अदालतबाट पूर्णपाठ आउन नै बाँकी छ । जब पूर्णपाठ आउँछ तब सर्वश्वसहित जन्मकैदको सजाय सक्रिय हुन सक्छ । रेशम फेरि जेल जाने निश्चित नै छ ।

त्यसो त रेशम चौधरीलाई रिहा गर्न सत्ता राजनीतिको लेनदेन नै देखिन्छ । संसदमा उनी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीको ४ सिट छ । यही सिटको लोभ प्रचण्डलाई परेको देखिन्छ । तर, कानूनभन्दा माथि कोही हुँदैन । चाँडै नै सर्वोच्च अदालतले

बाँकी सातौं पृष्ठमा

## नेपालले धर्मबारे उठायो अमेरिकालाई प्रश्न

काठमाडौं । नेपालको धर्मसम्बन्धी विवादास्पद रिपोर्टका कारण बोल्न वाध्य भएको छ सरकार । त्यो रिपोर्टमा नेपालमा हिन्दुवादी विचारधारालाई मजबुत बनाउन र अभिव्यक्ति दिन पैसा खर्च गरिएको आरोप छ । भारतीय जनता पार्टीले पैसा नै खन्याएको आरोप पनि छ । अमेरिकाले सार्वजनिक गरेको नेपालको धार्मिक स्वतन्त्रतासम्बन्धी रिपोर्टबारे नेपाल सरकारले चासो देखाएको छ । सरकारले कतिपय विषयमा


बाँकी सातौं पृष्ठमा

## सेन्ट्रलजेलभित्र अनिलाको दादागिरी, कैदीहरु दिनदाहाडै ठगिदै

काठमाडौँ । लागु औषध मुद्दामा कारागार महिलातर्फ केन्द्रिय कारागार, सुन्धाराको जगन्नाथ देवलमा कैदी जीवन भौग्दै आइरहेकी अनिला श्रेष्ठ सजाय होइन, आरामको जिन्दगी व्यतित गर्नुका साथै कैदीहरुलाई आफ्नो पन्जाभित्र राख्न सफल बन्दै आइरहेको कुरा सुन्दा यहाँलाई अचम्म लाग्ला । तर कुरा साँचो हो । उनले आफ्नो ज्यादती जेलको कोठभित्रैबाट देखाइरहेकी छिन् । उनको रवैया र ज्यादतीले कैदीहरु आजित बनिसेका छन् । कैदीहरुलाई सकस दिने लगायत कैदखानाबाटै

बाँकी सातौं पृष्ठमा






सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमीमा, SEE परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरुलाई ३ बर्षे HA, LAB, Nursing, Pharmacy, Radiography लगायतका विभिन्न विषयका प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन हुने भएकोले समयमै सम्पर्क राखि आफ्नो स्थान सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ ।

हाम्रो विषेशताहरू:

- Scholarship प्रदान गरिने Send Up Toppers, दलित, जनजाति र पिछडिएकाको लागि ।
- अनुभवी तथा दक्ष शिक्षकहरु
- सुविधा सम्पन्न यथेष्ट कक्षाकोठाहरु
- CTEVT लगायत विभिन्न मान्यता प्राप्त Board का Model–Tests हरु
- हप्ताको एक दिन Test कक्षा संचालन
- दैनिक ३ घण्टा कक्षा संचालन
- हरेक हप्ता विद्यार्थीको पढाईको Evaluation & Feedback

यस शंकरापुर एकेडेमीमा CTEVT द्वारा मान्यता प्राप्त ३ वर्षे डिप्लोमा कोर्षहरु : HA / Lab / Nursing / Pharmacy / Radiography उपलब्ध छन् ।

Note: साथै विद्यार्थीहरुलाई यस ३ वर्षे डिप्लोमा कोर्ष पश्चात स्नातक तहमा कुन डिप्लोमा कोर्ष पछि कुन कोर्ष पढ्न पाईने जानकारी यस प्रकार गरिएको छ ।

Our Programs

- Diploma in Pharmacy (D. Pharm)
- Diploma in General Medicine (HA)
- Certificate in Medical Lab Technician (CMLT)
- Diploma in Nursing (PCL Nursing)
- Diploma in Radiography

4 Years Bachelors Course

- B. Pharm
- MBBS
- BMLT
- BN
- BMIT

शंकरापुर एकेडेमी प्रा. लि.

सातदोबाटो, ललितपुर

फोन नं: ०१–५५५५५५३,५५५५५५०,९८४३२३३३६७

"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"



मुलुकभर घटेको घटना सबैभन्दा छिटो सूचना पाउन लग अन गर्नुहोस्

www.khojtalashonline.com

कुनै सूचना भए khojtalashdainik@gmail.com मा ईमेल गर्नुहोला ।

का.जि.का.द.नं. ५३/०५४/०५५

खोजतलास
www.khojtalasnews.com
राष्ट्रिय साप्ताहिक

# किन दिइँदै छ निजी क्षेत्रलाई लाइसेन्स परीक्षा सञ्चालन अनुमति ?



काठमाडौं । सवारी दुर्घटनाका कारण दैनिकसोसोले ज्यान गुमाउँदै आइरहेको समाचारहरु हामीले बढ्दै आइरहेका छौं । यसरी दुर्घटना हुनुमा सवारी चालक अनुमति पत्र वितरण गर्दा सवारसम्बनी ज्ञानै नभएकालाई पनि सवारी चालक अनुमति पत्र दिनुका कारण भएको विज्ञहरुको भनाई रहेको छ ।

यस्तो गम्भीर रुपमा हेरिने सवारी चालक अनुमति पत्रको परीक्षा, वितरण, नवीकरणलगायतका कार्य गर्दै आएको यातायात व्यवस्था कार्यालय भक्तपुरले प्रदेश मन्त्रालयलाई पत्तै नदिई निजी क्षेत्रलाई परीक्षाको अनुमति दिएको छ । कार्यालयले मध्यपुरथिमि राधेराधेस्थित बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल प्रालीलाई सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको अनुमति दिएर परीक्षा सञ्चालन गरेको हो ।

यस्तो व्यवस्था गर्दा सम्बन्धित मन्त्रालयसँग छलफल एवं अनुमति लिएर नियमसङ्गत रूपमा कार्य गर्नुपर्नेमा कार्यालय प्रमुखले नियम विपरीत निजी क्षेत्रलाई परीक्षा सञ्चालन गर्ने अनुमति दिएर अनियमितता गरेको आरोप लागेको छ ।

बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई समेत कुनै जानकारी नै नदिई परीक्षाको अनुमति निजी क्षेत्रलाई दिएको मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका सचिव अस्मान तामाङले लिखित परीक्षा निजी क्षेत्रलाई दिएका बारेमा आफूलाई कुनै जानकारी नै नभएको बताए । उनले भने, 'त्यसो गरिएको हो भने त्यो अनियमितता हो, त्यहाँका कार्यालय प्रमुखले बदमासी काम गरेका छन्, आफ्नो परीक्षा कार्यालय हुँदाहुँदै निजी क्षेत्रलाई दिनु बदमासी नै हो ।'

मन्त्रालयका सचिव तामाङले आफ्नो कार्यालयमा परीक्षा सञ्चालन गर्दागर्दै निजी क्षेत्रलाई परीक्षा सञ्चालन गर्न दिने कुनै कार्यविधि नबनाएको समेत बताए ।

कार्यालय प्रमुख शिवकुमार निरौलाले भने कार्यविधिबमोजिम निजी क्षेत्रलाई दिएको दाबी गरे । उनले भने, '२०७८ भन्ने एउटा कार्यविधि छ, सवारी चालक परीक्षा, प्रयोगात्मक परीक्षा स्थल छनोट कार्यविधि, त्यहीअनुसार दिएका हौँ, प्रयोगात्मक परीक्षा सञ्चालन गर्नेले निःशुल्क परीक्षा हल उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ, त्यहीबमोजिम दिएका हौं ।'

कार्यविधिअनुसार नै दिने हो भने पनि हाल प्रयोगात्मक परीक्षा सञ्चालन भइरहेको इजिवे ट्रायल सेन्टरलाई दिनुपर्ने हो, तर त्यसो नगरी अनियमितता गर्दै कार्यालय प्रमुखले दाबी गरेकै कार्यविधि विपरीत परीक्षा सञ्चालनको अनुमति मनोमानी ढङ्गले दिएको कार्यालयका एक कर्मचारीले बताए ।

ती कर्मचारीका अनुसार कार्यालयका अन्य कर्मचारीलाई समेत पत्तो नदिई चलखेल गर्दै हिमालय टाइम्स पत्रिकामा सूचना प्रकाशित गरेर कार्यविधि विपरीत निजी क्षेत्रलाई परीक्षा सञ्चालनको अनुमति दिइएको हो ।

कार्यालयले बस र मिनीबसको प्रयोगात्मक परीक्षाको अनुमित पनि बुढाथोकी मोटर ड्राइभिङ सेन्टरलाई दिएको छ । भक्तपुरमा अब बस र मिनीबसको समेत सवारी चालक अनुमतिपत्र लिनका लागि प्रयोगात्मक परीक्षा सञ्चालन बुढाथोकी मोटर ड्राइभिङ सेन्टरमा गर्ने गरी सम्झौता गरेको छ ।

कार्यालय प्रमुख निरौलाले भने, 'बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल प्रालिलाई बस र मिनीबसको प्रयोगात्मक परीक्षा सञ्चालन गर्न सम्झौता गरिसक्यौँ, मन्त्रालयले कोटा खुलाएपछि सुरु हुन्छ, कार्यविधिमा प्रयोगात्मक परीक्षा जहाँ सञ्चालन हुन्छ, त्यहीँ निःशुल्क परीक्षा हलको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ, त्यहीअनुसार दिइएको हो ।'

कार्यालय प्रमुखले दाबी गरेअनुसार २०७८ को कार्यविधि भने पनि कार्यालयले हालसम्म यो कार्यविधिलाई टेकेर यसखालको निर्णय नभई आफ्नै कार्यालयमा परीक्षा हलको व्यवस्था गर्दै परीक्षा सञ्चालन गर्दै आएको थियो । कार्यविधिलाई नै मान्ने हो भने पनि उक्त प्रालिलाई बस र मिनीबसको लिखित परीक्षाको मात्रै अनुमति दिनुपर्ने हो तर अनियमितता गर्दै सबैको लिखित परीक्षा एकै ठाउँमा गर्ने सम्झौता गरेको कर्मचारीकै भनाइ छ ।

यसबारेमा कार्यालय प्रमुख निरौलाले कार्यविधिअनुसार बस र मिनीबसको प्रयोगात्मक परीक्षा सुरु भए पनि लिखित परीक्षाको स्थलको अनुमति दिनुपर्ने भए पनि हाल भएको कार्यालयमा ठाउँ साँघुरो भएका कारण दिएको बताए । उनले भने, 'कार्यालयको लिखित परीक्षा सञ्चालन गर्ने हल साँघुरो भो, त्यहाँ ८० जना परीक्षार्थी खाँदेर राख्नुपर्छ, घाम लाग्दा तातो न तातो हुने, पानी पर्दा जस्ताको आवाजले 'डिस्टर्भ' हुने भो, कार्यालयमा भीडभाड पनि कम गर्न र परीक्षार्थीको हितका लागि निजी क्षेत्रलाई दिएका हौं ।'

तर परीक्षार्थीले भने कार्यालयले निकै दुःख दिएको बताएका छन् । परीक्षा केन्द्रमा आएका परीक्षार्थीले परीक्षाका लागि दस्तुर बुझाउन, फोटो खिच्न, स्वास्थ्य परीक्षणलगायतको प्रक्रियाका लागि कार्यालयमा जानुपर्ने, लिखित परीक्षाका लागि अन्तै जानुपर्ने र फेरि प्रयोगात्मक परीक्षाका लागि अन्तै जानुपर्ने व्यवस्था गरेर दुःख दिएको बताएका छन् ।

सूचना अधिकारी गोविन्दराज शिवाकोटीले भने कार्यालयले अहिलेको परीक्षा हललाई बैठक हल बनाउने योजना गरेको बताउँदै यातायातका बारेमा आएका धेरै गुनासोलाई सम्बोधन गर्न कार्यालयले सुधारको प्रक्रिया थाल्नुपर्ने बताए ।

यता बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल प्रालिका सञ्चालक खगेन्द्र बुढाथोकीले भने नियमानुसार नै लिखित परीक्षा सञ्चालनको अनुमति पाएको दाबी गर्नुभयो । कार्यालयले मापदण्ड पूरा गरेका परीक्षा हल निःशुल्क उपलब्ध गराउन बोलपत्र आह्वान गरेपछि बोलपत्र पेस गरेर आफ्नो प्रालि नियमानुसार छनोटमा परेको उहाँले बताउनुभयो ।

'त्यसमा अनियमितताको कुरा आउँदैन, यसले बिचौलियालाई मात्र समस्या पार्ला", उनले भने, 'हामीले नियमानुसार यातायात कार्यालयले लिने परीक्षा हल निःशुल्क उपलब्ध गराउने सम्झौता गरेका हौं, चाबहिलस्थित प्रयोगात्मक परीक्षा स्थलमा पनि यसैगरी वर्षौंदेखि लिखित परीक्षा सञ्चालन भइरहेको छ, त्यहाँ जसरी भयो, यहाँ पनि त्यसैगरी भयो ।'

# डिएसपीमा आएर रोकियो बढुवा गति




काठमाडौं । नेपाल प्रहरीमा बसन्त कुँवर महानिरीक्षक भएर आएपछि खाली भएका पदमा बढुवा गर्ने कार्यलाई प्राथमिकता दिएर अघि बढेका थिए । १० चैतमा महानिरीक्षक नियुक्त कुँवरले १२ चैतमा पदबहाली गरेका थिए ।

११ चैतमा शनिबार भएकाले १२ चैतमा पदवहाली गरेका कुँवरले त्यसको अर्कोदिन १३ चैतमा ४ प्रहरी नायब महानिरीक्षक (डिआईजीपी)लाई अतिरिक्त महानिरीक्षक (एआईजीपी) बढुवा सिफारिस गरेका थिए ।

त्यसपछि एआईजीपी बढुवा भएर खाली रहेको डिआईजीपी बढुवामा पनि कुँवरले धेरै दिन अल्मल्याएनन् । सिफारिस भएको एक सातामा बढुवाको निर्णय हुने कानुनी प्रावधान छ ।

एआईजीपी 'कनर्फम' भएका दुई साता बित्न नपाउँदै कुँबरले २९ चैतमा १३ प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)लाई डिआइजीमा बढुवा सिफारिस गरे । त्यसको १५ दिनमै १५ बैशाखमा १८ प्रहरी उपरीक्षक (एसपी)लाई एसएसपीमा बढुवा सिफारिस गरे ।

२९ बैशाखमा २२ प्रहरी नायब उपरीक्षक (डिएसपी)लाई एसपी बढुवा गर्न सिफारिस भएको थियो । त्यसपछि भने प्रहरी निरीक्षक (इनिस्पेक्टर)बाट डिएसपी बढुवा सिफारिस गर्ने काम सुरु हुन सकेको छैन ।

अब दरबन्दी रिक्त नहुने भयो, भटाभट बढुवाबाट पदपूर्ति हुने भयो भनेर खुसी भएका प्रहरी अधिकृतहरू फेरि निराश हुने अवस्था सृजना भएको प्रहरी अधिकारीहरू बताउँछन् ।

नेपाल प्रहरीमा ४४ डिएसपी पद रिक्त भएको छ । बढुवाका लागि तयारी अवस्थामा रहेकाहरू पुरानै परिस्थिति दोहोरिन लाग्यो भन्दै चिन्ता व्यक्त गर्न थालेका छन् । अहिलेसम्म वरियताक्रम अनुसार बढुवा सिफारिस गरेका कुँवले इन्स्पेक्टरबाट डिएसपी बढुवा गर्दा भने वरियता मिच्न दबाब आएकाले निर्णय गर्न नसकेको निकटस्थ स्रोत बताउँछ ।

४४ डिएसपीका लागि एक सय ४४ इन्सपेक्टर प्रतिस्पर्धामा छन् । २०७० सालमा भर्ना भएको इन्सपेक्टरको टोली अहिले बढुवाको प्रतिस्पर्धामा छन् । संख्या धेरै बढुवा गर्नुपर्ने थोरै पद भएकाले पनि बढुवा पेचिलो बनेको छ । त्यसमाथि सबै प्रतिस्पर्धीहरु शक्तिकेन्द्र धाएर बढुवामा दबाब दिँदा अफ्ठेरो भइरहेको प्रहरी अधिकारीहरू बताउँछन् । त्यसले नियमित बढुवाको सूची बनाउन कुँवर र गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई अफ्ठेरो भइरहेको स्रोतहरू बताउँछन् ।

आकर्षक पोष्टिङमा बसेका इनिस्पेक्टरहरू केही बुझाएर भए पनि बढुवा हुन तयार देखिएकाले पनि विचौलियाहरू सल्बलाइरहेका छन् । यसले कतै अहिलेसम्म वरियताका आधारमा बढुवा गरेका कुँवर वरियता कायम गर्ने अडानमा कायम रहन नसक्ने हुन कि भन्ने आशंका देखिएको छ ।

महानिरीक्षक कुँवर नक्कली भुटानी शरणार्थी प्रकरणमा विवादमा परेकाले पनि बढुवामा ध्यान दिन नपाएको उनकै सचिवालयका अधिकारीहरू बताउँछन् ।

# नेपालको आन्तरिक मामिलामा चीनको हस्तक्षेप : राष्ट्रिय एकता अभियान



काठमाडौं । राष्ट्रिय एकता अभियानले नेपालको आन्तरिक मामिलामा चीन सरकारले हालै गरेको हस्तक्षेपको कडा निन्दा गरेको छ ।

अभियानले एक प्रेस विज्ञप्ति जारी गर्दै नेपालका कम्युनिस्ट पार्टीहरूलाई एकताका लागि प्रभाव पार्ने र दबाब दिने चीनको प्रयास हाम्रो राष्ट्रको सार्वभौमसत्तामाथिको हनन् मात्र होइन, राजनीतिक दलहरूभित्रको लोकतान्त्रिक प्रक्रियाको डरलाग्दो उल्लघन पनि रहेको जनाएको छ ।

जारी विज्ञप्तिमा भनिएको छ, 'एक सार्वभौमसत्ता सम्पन्न राष्ट्रको हैसियतमा नेपालका राजनीतिक दलहरू आन्तरिक निर्णय प्रक्रियालगायत आफ्नो राजनीतिक मार्ग र गठबन्धनहरू स्वतन्त्र रूपमा निर्धारण गर्ने अधिकार राख्दछ । आन्तरिक लोकतान्त्रिक विचार-विमर्श र निर्णय गर्ने वातावरण बनाउन राजनीतिक दलका सदस्यहरूबीचको बैठकहरू स्वतन्त्र रूपमा कुनै बाह्य हस्तक्षेपविना सञ्चालन गर्नुपर्छ ।'

चिनियाँ कम्युनिष्ट पार्टीका अन्तर्राष्ट्रिय विभागका मन्त्री लिउ जियानचाओ र नेकपा माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटालगायत नेपालका माओवादी नेताहरुबीच चीनमा हालै भएको भेटले हाम्रो राष्ट्रको सार्वभौमसत्तामाथिको हनन्प्रति गम्भीर चिन्ता सिर्जना भएको अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले बताए ।

उनले भने, 'आन्तरिक रूपमा हुने यस्ता बैठकले राजनीतिक दलको स्वायत्ततामा मात्रै हनन् होइन, नेपालको स्वतन्त्र र लोकतान्त्रिक राजनीतिक परिदृश्यको विकासमा पनि बाधा पुऱ्याउँछ ।'

नेपालको आन्तरिक मामिलामा चीनको हस्तक्षेप र राजनीतिक दलको बैठकमा गरेको अनावश्यक हस्तक्षेपको भर्त्सना गर्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्न पनि अभियानले अनुरोध गरेको छ ।

विज्ञप्तिमा थप भनिएको छ, 'बाह्य दबाब वा हेरफेर बिना आफ्नो राजनीतिक भाग्य निर्धारण गर्ने अन्तर्निहित अधिकार नेपालसहित प्रत्येक राष्ट्रसँग छ। हामी चीनलाई नेपालको सार्वभौमसत्ताको सम्मान गर्न र हाम्रा राजनीतिक दलहरूको आन्तरिक मामिलामा थप हस्तक्षेप नगर्न आग्रह गर्दछौं ।'




खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **भरत महर्जन**, निर्देशक : **अमिता लक्ष्मी श्रेष्ठ (सैंजु)**, प्रधान सम्पादक **राजु बस्नेत**, सम्पादक : **शशी कोइराला**, कार्यकारी सम्पादक : **रूपक शाक्य**
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# चीन प्रचण्ड र ओली मिलाउन फेरि सक्रिय

काठमाडौं । नेपालका कम्युनिस्ट पार्टीहरुसँग चिनियाँ कम्युनिस्ट पार्टीको सुमधुर सम्बन्ध छ । सैद्धान्तिक रुपमा पनि नजिक रहेका कम्युनिस्टहरुसँग चीनले सम्बन्ध मजबुत बनाउने अभियान नै चलाएको छ । उसले नेपालमा आफ्नो गुट लिष्टमा रहेका नेताहरुलाई बेला बेलामा निम्तो दिएर घुमाउने गरेको छ । चीन घुम्न कम्युनिस्ट नेताहरुबीच तछाडमछाड नै छ । विशेषगरी नेकपा एमाले, नेकपा माओवादी केन्द्रसँग चीनको विशेष सम्बन्ध छ । यी दुई दलका नेताहरुको चीन ओहोरदोहोर बाक्लो हुनेगर्छ ।

पोहोरसाल नेकपा एमालेका प्रभावशाली नेता विष्णु पौडेलको नेतृत्वमा एक टोली चीन गएको थियो । त्यही बेलामा माओवादी महासचिव देव गुरुङसहितको टोली पनि पुग्यो । जो जुन नामको कार्यक्रममा गएपनि चीनले कम्युनिस्ट मिल्न जोडबल गर्दै आएको छ । यसको खुलासा पनि नेताहरुले गर्दै आएका छन् । गत महिना एमाले नेता





विष्णु रिजाल चीन पुगेर फर्किए । लगत्तै माओवादीबाट उच्च तहको भ्रमण भयो । माओवादी अध्यक्ष अग्निप्रसाद सापकोटा चीन पुगे । उनले उच्च तहकै भेट गरे । सिन्धुपाल्चोक केन्द्र बनाएर राजनीति गर्ने सापकोटा सभामुख भइसकेका छन् । उनलाई चीनले निकै महत्व दिन थालेको छ ।

सापकोटाका छोरा चीनमै विद्यावारिधी गरेर फर्किएका हुन् । अहिले उनी प्रचण्डका विदेश मामला सल्लाहकार छन् । माओवादी उपाध्यक्ष रहेका सापकोटालाई प्रचण्डको उत्तराधिकारीका रुपमा लिन थालिएको छ । उनले चीनमा उच्च तहकै भेट गरे । भेटमा चिनियाँ नेताहरुले कम्युनिस्ट एकतामा जोड दिएको छ । माओवादी उपाध्यक्ष अग्नि सापकोटासहित २० नेताको चीन भ्रमणमा १९ ले डिनर, लन्च खाने र घुम्ने नै गरे । एक्ला एक्लै भेट्नेमा सापकोटा नै थिए ।

सापकोटासहितको टोलीले बेइजिङमा चिनियाँ कम्युनिस्ट पार्टीका अन्तर्राष्ट्रिय विभाग मन्त्री लिउ जियान चाओसँग लन्च सँगै गरेका थिए । त्यसअघि सापकोटाले चाओसँग वन टु वन भेटवार्ता गरे । उक्त भेटलाई चासोका साथ लिइएको छ । कम्युनिस्टहरु मिलेमा नेपालमा राजनीतिक स्थायित्व हुने लिउको सुझाव रहेको भेटमा सहभागी एक नेताले खुलाएका छन् । तर, सापकोटाले आफ्नो राजनीतिक भविष्य बलियो बनाउन पनि कुरा गरेको बुझिएको छ ।

विगतमा चीनसँग माओवादी नेता वर्षमान पुन निकै नजिक थिए । उनको स्वास्थ्यले साथ दिए । पुन अधिकांश समय चीनमै हुन्छन् उपचारका लागि । यसकारण पनि चीनले माओवादीभित्र विश्वासिलो व्यक्तिको खोजी गरेको देखिन्छ । विगतमा कृष्णबहादुर महरालाई निकै विश्वास गरेको थियो । तर, महरा विवादास्पद काण्डहरुमा मुछिए । विकल्पमा देखिएका छन् सापकोटा । चीनले कम्युनिस्ट पार्टीहरुबाट आफ्नो एजेन्डा लागू गर्न खोजेको छिपेको छैन । तर, नेकपा फुट्दा उसलाई ठूलै धक्का लागेको छ । तर, फेरि नेकपा ब्युँताउन सक्रियता बढाइनै रहेको छ ।

# ६८ स्वास्थ्य संस्थाको प्रशासन बन्द गराइदिने बालेनको चेतावनी

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेत र काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह ।

१७ जेठ, काठमाडौं । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले ६८ स्वास्थ्य संस्थालाई कारबाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतको ध्यानाकर्षण गराएका छन् । मन्त्रीले कारबाही सुरु नगरे आफूले नै ती स्वास्थ्य संस्थाको प्रशासन कक्ष बन्द गराइदिने चेतावनी उनले दिएका छन् ।

विपन्न वर्गलाई कानुन बमोजिम उपचारमा दिएको छुट सुविधाको विवरण महानगरले माग्दा पनि उपलब्ध नगराएका ६८ वटा स्वास्थ्य संस्थालाई कारबाही गर्न मेयर शाहले मन्त्री बस्नेतलाई भेटेर ध्यानाकर्षण गराएका हुन् ।

स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ एवं प्रचलित स्वास्थ्य सम्बन्धी कानुनमा विपन्न एवं लक्षित वर्गहरुलाई कूल शैयाको १० प्रतिशत छुट्याई निःशुल्क उपचार गर्नुपर्ने लगायतका स्वास्थ्य सुविधाहरु उल्लेख छन् ।

मेयर शाहका अनुसार काठमाडौं महानगरपालिका क्षेत्र भित्र रहेका अस्पताल लगायत विभिन्न स्वास्थ्य संस्थाहरुसँग लक्षित वर्गलाई उपलब्ध गराइएको छुट सुविधाको विवरण माग गरिएको थियो । यही जेठ ६ गते सूचना जारी गरेर छुट सुविधा दिएको विवरण माग्दा समेत ६८ स्वास्थ्य संस्थाले उपलब्ध नगराएको मेयर शाहको भनाइ छ ।

मेयर शाहले सामाजिक सन्जालमा लेखेका छन्, 'माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराउँदै काठमाडौं महानगरपालिकाले छुट सुविधा सम्बन्धी विवरण माग गर्दा उपलब्ध नगराउने ६८ स्वास्थ्य संस्थाहरुको संलग्न विवरण अनुसार नियमन र कारबाही गर्न अनुरोध गरेका छौं । यदि मन्त्री ज्युले ७ दिन भित्र उहाँहरुलाई कानुनी दायरामा ल्याउनु भएन भने हामी अस्पताल प्रशासन बन्द गर्न बाध्य हुनेछौं ।' मन्त्रीलाई कारबाही गर्न भनिएका कुन-कुन स्वास्थ्य संस्था हुन् भन्ने चाहिँ मेयर शाहले सार्वजनिक गरेका छैनन् ।

नेपालको संविधान र प्रचलित कानुनले आधारभूत स्वास्थ्य सम्बन्धी मौलिक हक राज्यले प्रत्याभूति गर्नुपर्ने भन्दै उनले सो अधिकारको कार्यान्वयन गर्ने दायित्व तीनै तहको सरकारको रहेको स्मरण समेत गराएका छन् ।

**बालेन शाहको सांसदमाथि ब्यंग्य**

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले सांसदहरु माथी ब्यंग्य हानेका छन् । आर्थिक बर्ष २०८०/८१ को बजेटमार्फत सांसद बिकास कोष ब्युँत्याएर प्रत्येक सांसदलाई ५ करोडको दिइने निर्णयलाई लिएर मेयर शाहले ब्यंग्य हानेका हुन । 'सांसद विकास कोष पाउनु भए सी बल्ल सांसदहरु वडा अध्यक्षको लेबलमा आउनु भयो,' मेयर शाहले प्रश्न गरेका छन्, 'वडा अध्यक्षकै काम गर्न मन भए किन सांसद बन्नु हुन्छ माननीय ज्युहरु ?

# रेशमलाई आममाफीको विरुद्धमा प्रमुख राजनीतिक दलहरू

काठमाडौं । नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीलाई आममाफी दिने सरकारको निर्णयविरुद्ध राजनीतिक दल र नागरिक समाजका अगुवाहरू देखिएका छन् । सत्तारुढ दलकै पदाधिकारी तहका नेताहरू, प्रतिपक्षी दलका नेताहरूले कानुन, नियम र प्रक्रियाको उल्लंघन गरेर चौधरीलाई जेलमुक्त गरेको आरोप लगाएका छन् ।

प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल तथा वर्तमान गठबन्धन सरकारको मुख्य दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले रेशम चौधरीलाई आममाफी दिएर सरकारले सर्वोच्च अदालतमाथि बल मिच्याइँ गरेको बताएका छन् ।

'सरकारलाई मन लाग्यो, सरकारले निर्णय गरिदियो । राष्ट्रपतिले सजाय मिनाहा गरिदिनुभयो,' महामन्त्री थापाले ललितपुरमा आयोजित पार्टीको कार्यक्रममा भने, 'यो राजाको शासन होइन, यहाँ हुकुम चल्दैन । यो गणतन्त्र हो । गणतन्त्रमा केवल कानुन मात्रै चल्छ । कानुनको शासन मात्रै हुन्छ ।' उनले सर्वोच्च अदालतको फैसलाको पूर्णपाठ नआउँदै हतारहतार निर्णय गरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् ।

जिल्ला, पुनरावेदन र सर्वोच्चले जन्मकैदको सजाय दिएका रेशमलाल चौधरीलाई सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्र दिवसको अवसर पारेर सोमबार आममाफी दिएका थिए । त्यसको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले तत्काल विरोध गरेको थियो ।



एमालेका सचेतक महेश बर्तौलाले जन्मकैदको सजाय भुक्तान गरिरहेका चौधरीलाई आममाफी दिने सरकारको निर्णय स्वीकार्य नहुने बताए । बर्तौलाले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतले जन्मकैदको सजाय दिएको चौधरीलाई सत्ता टिकाउनका लागि सरकारले आममाफी दिएको बताए ।

पीडितलाई थप पीडित बनाउने गरी सरकारले कानुनी राज्यको खिल्ली उडाउँदै चौधरीलाई आममाफी दिने निर्णय लिएको जिकिर गरे । उनले भने, 'सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत तीन वटै तहको अदालतले उहाँको बारेमा एक प्रकारको फैसला गरेको छ । भिक्टिमहरुलाई थप भिक्टिम बनाउने गरी, अदालतले गरेको आदेशको पूर्ण पाठ आएको छैन । सर्वोच्चले आदेश गऱ्यो, फैसला गऱ्यो । तलको आदेशलाई सदर गऱ्यो । त्यसको पूर्ण पाठ आएको छैन । अनि हतारहतार सरकार टिकाउन लागि, सत्ता जोगाउनका लागि हामीले विधिको शासन, कानुनी राज्य यी समग्र पक्षलाई संविधानमा हो, कहीँ कतैं आममाफीको व्यवस्था होला । कतिपय अवस्थामा सरकारले चाहेको अवस्थामा सजाय माफी दिनसक्छ ।'

अर्को प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले रेशम चौधरी निर्दोष छन् भन्ने विश्वासका साथ आफ्नो दलले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै आएको तर अहिले गलत प्रक्रियाबाट उनलाई छुटाइएको बताए । लामिछानेले भने, 'रेशम चौधरी छुट्नुभयो, ठीक छ । तर, रेशम चौधरीमाथि न्याय भएन । उहाँ निर्दोष भएर छुट्नु भएन । जुन लडाइँ उहाँको थियो, यो लडाइँ उहाँले जित्नु नै भएन ।'

एउटा व्यक्ति जेलमुक्त हुँदा खुसी हुनु आफ्नो ठाउँमा भए पनि थारुहरूको संघर्षले विजय प्राप्त नगरेको लामिछानेको भनाइ छ । रास्वपा प्रवक्ता मुकुल ढकालले विज्ञप्ति जारी गर्दै रेशम चौधरीलाई मुक्त गर्ने कदममा सरकार पूर्वाग्रही भएको उल्लेख गरेका छन् ।

अधिकारकर्मीहरू पनि रेशमको रिहाइको विरुद्धमा देखिएका छन् । अनौपचारिक सेवा केन्द्र इन्सेकले पनि रेशमको आममाफी र रिहाइको औपचारिक रूपमै विरोध गरेको छ । अधिकारीकर्मी चरण प्रसाईं रेशम चौधरीलाई राष्ट्रपतिबाट भएको माफी गणतन्त्र दिवसको चरम दुरुपयोग भएको बताउँछन् ।

# पप्पु कन्स्ट्रक्सनसहित दुई दर्जन कम्पनी कालोसूचीमा

काठमाडौं । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय मातहतको सार्वजनिक खरिद अनुमगन कार्यालयले दुई दर्जन कम्पनीलाई कालो सूचीमा राखेको छ ।

कालोसूचीमा परेकामा कलेज अफ इम्प्लोइमेन्ट प्रालि भरतपुर चितवन, पप्पु कन्स्ट्रक्सन, कोशी एण्ड न्यौपाने निर्माण सेवा, वाईपी कन्स्ट्रक्सन लगायत छन् ।

मोहोन न्यौपाने मुख्य व्यक्ति रहेको कलेज अफ इम्प्लोइमेन्ट प्रालि चितवनलाई उद्योग मन्त्रालय अन्तर्गतको ग्रामिण उद्यम तथा विप्रेषण आयोजना इटहरीको सिफारिसमा तीन वर्षसम्म कालोसूचीमा राखिएको छ ।

यसैगरी सुमित रौनियार नेतृत्वको पप्पु कन्स्ट्रक्सन प्रालि र भावेश बोहोरा नेतृत्वको कोशी एण्ड न्यौपाने निर्माण सेवा प्रालि दुई वर्षसम्म कालोसूचीमा परेका छन् । पप्पु/कोशी एण्ड न्यौपाने जेभीलाई संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पोखपरा र शहीद मार्ग सडक आयोजना लिवाङ रोल्पाले कालोसूचीमा राख्न सिफारिस गरेका थिए ।

यसैगरी पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय र पुष्पलाल राजमार्ग आयोजना कार्यालय दैलेखको सिफारिसमा सुरेन्द्र प्रसाद श्रेष्ठ नेतृत्वको वाईपी कन्स्ट्रक्सन प्रालि ललितपुरलाई १ वर्ष ६ महिनासम्म कालोसूचीमा राखिएको छ ।

कालो सूचीमा परेका निर्माण व्यवसायी वा आपूर्तिकर्ताहरुले कालोसूचीमा परेको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन पाउँदैनन् ।

# प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढ्यो कार्कीविरुद्ध १० दिनभित्र उजुरी आह्वान

काठमाडौं । सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अघि बढेको छ । संवैधानिक परिषद्बाट सर्वोच्चका लागि प्रधान न्यायाधीशमा सिफारिस भएका कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीविरुद्ध १० दिनभित्र उजुरी आह्वान गरिएको छ ।

मंगलबार सिंहदरबारमा बसेको संसदीय सुनुवाइ समितिको पहिलो बैठकले सार्वजनिक सूचना प्रकाशन गरी १० दिनभित्र उजुरी लिने निर्णय गरेको हो । सार्वजनिक सूचना गोरखापत्रमा प्रकाशन तथा नेपाल टिभीबाट प्रसारण गरिनेछ । समितिका जेष्ठ सदस्य पशुपति शमशेर राणाको अध्यक्षतामा बसेको समितिको पहिलो बैठकमा कार्कीको व्यक्तिगत विवरण सांसदहरूलाई वितरण गरिएको छ ।

कार्कीमाथि लिखित रूपमा पत्रमार्फत वा समितिले सार्वजनिक गर्ने इमेलमार्फत दिन सकिने छ । उजुरीकर्ताको परिचय उनीहरूको अनुरोधमा समितिले गोप्य राख्नेछ भने बेनामे उजुरीलाई भने प्राथमिकता नदिनेबारे समितिमा छलफल भएको छ ।

गत वैशाख २५ गते संवैधानिक परिषद्ले कार्कीलाई सर्वोच्चको प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिस गरेको थियो भने सार्वजनिक सुनुवाइका लागि वैशाख २७ गते सो को जानकारी संसद् सचिवालयलाई गराइएको थियो । कार्की झन्डै १५ महिनादेखि सर्वोच्चमा कामु प्रधान न्यायाधीशको रूपमा रहेका छन् ।

# आइजिपीलाई किन थर्काए खड्काले

काठमाडौं । नक्कली भुटानी शरणार्थी प्रकरणमा जनस्तरबाट प्रहरीको प्रशंसा भइरहँदा प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर भने तनावमा छन् ।

एसएसपी हुँदा अभियुक्तहरूलाई सघाएको तथा आइजिपी भएपछि बालकृष्ण खाणलाई जोगाउने प्रयास गरेको गम्भीर आरोप कुँवरमाथि लागेको छ । आरोपमा केही तथ्य पनि देखिएका छन् । उनी काठमाडौं अपराध अनुसन्धान कार्यालयको प्रमुख हुँदा सानु भण्डारी र टंक गुरुङ पक्राउ परेका थिए । तर, गृह मन्त्रालयको दबाबमा उनले केही घन्टामै छाडिदिएका थिए । उनलाई आइजिपी बन्ने आधार त्यही केसले बनाएको प्रहरी अधिकारीहरू बताउँछन् ।

सो मुद्दामा तत्कालीन गृहमन्त्री बालकृष्ण खाण र सचिव टेकनारायण पाण्डेको स्वार्थअनुसार काम गरेकाले उनलाई १३ नम्बरबाट एक नम्बरमा राखेर डिआइजीमा बढुवा गरिएको यथार्थ छिपेको छैन । सोही आधारमा उनी एआइजीमा पनि पहिलो नम्बरमा बढुवा हुँदा गत चैतमा आइजिपी हुन सफल भएका थिए ।

उनलाई यसरी १३ नम्बरबाट १



नम्बरमा खाणले नै बढुवा गरेका थिए । आइजिपी बनाउन पनि उनकै लबिइङ थियो । त्यसकारण शरणार्थी मुद्दामा सकेसम्म खाणलाई उनी जोगाउन चाहन्थे । तर, प्रहरी अनुसन्धानमा खाणविरुद्ध प्रशस्त प्रमाण भएकाले जोगाउन सकेनन् । प्रहरीबाट एक-एक सूचना लिइरहेका खाणलाई अदालतबाट पक्राउ पूर्जीसमेत जारी नगरी जरुरी पक्राउ पूर्जीका आधारमा गिरफ्तार गरिएको थियो ।

खाण पक्राउ परेपछि सबैभन्दा ठूलो दबाब आइजिपी कुँवरमाथि नै पर्नु स्वभाविक थियो । दबाब मात्र होइन कांग्रेस नेताहरुले उनलाई धम्काएका समेत थिए । स्रोतका अनुसार उपप्रधानमन्त्री तथा



रक्षामन्त्री पूर्णबहादुर खड्काले धम्काएको स्रोत बताउँछ । आफुहरूले नै आइजिपी बनाएको तर, अनुसन्धानमा सहयोग नगरेको भन्दै खड्काले कुँवरलाई धम्की दिएका थिए । रक्षामन्त्री खड्काले खाण पक्राउ पर्ने सुइको पाएपछि आइजी कुँवरलाई अमेरिका जान समेत रोक लगाएका थिए । तर, आइजीलाई थाहै नदिइ खाण पक्राउ पर्नुले कुँवरको भूमिका माथि शंका उठेको छ ।

अर्कोतर्फ अदालतमा मुद्दा नपुग्दै अनुसन्धानका गोप्य विवरणहरु बाहिर आए । जसमा बिचौलिया केशब दुलाल र सचिव टेकनारायण पाण्डेबीचको कुराकानीमा बसन्त सरलाई पनि आर्थिक सहयोग हुन्छ भनिएको छ ।

अर्कोतर्फ पक्राउ पुर्जी जारी भइसकेपछि पाण्डेकै आग्रहमा कुँवरले बिचौलियालाई भेटेको आधार देखिएको छ । जसकारण प्रहरी नेतृत्व यतिबेला समस्यामा परेको छ ।

हुन त कुँवर आर्थिक मामिलामा लोभ नभएका अधिकृतका रुपमा पहिचान बनाएका अधिकृत हुन् । तर, पनि उनी माथिको आदेश टार्न नसक्ने अधिकृत हुन् । मातहतकै प्रहरीले आइजिपी जोडिएको च्याट विवरण सार्वजनिक गरेको लुकेको छैन । एआइजी श्याम ज्ञवालीले नै आइजिपीलाई हटाउन विवरण सार्वजनिक गरेको आरोप लागेको छ । यस विषयमा छानबिनको समेत माग भयो । तर, गृह मन्त्रालयले छानबिनको आँट गर्न सकेन ।

'गोप्य विवरण कसले सार्वजनिक गऱ्यो भनेर छानबिन गरेपछि त्यो विवरण साँचो हो कि झुटो हो भनेर पनि छानबिन आवश्यक हुने देखियो,' गृह मन्त्रालयका एक अधिकारी भन्छन्, 'त्यसो गर्दा आइजिपीको कुर्सी नै हल्लिने अवस्था आउने भएकाले यो विषय त्यतिकै थाँती छ ।'

# यी आठ वटा खाना खानुहोस्, तौल घटाउनुस्

तौल बढाउन जति सजिलो हुन्छ, त्यति नै कम गर्नका लागि हाम्रो पसिना बग्दछ । तौल घटाउन निकै गाह्रो हुन्छ किनभने डाइटमा धेरै खानपिनका सामग्रीहरू प्रतिबन्धहरू गरिएका हुन्छन्, जसका कारण मानिसले आफ्नो मन पर्ने चीजहरूबाट टाढा रहनुपर्छ । यदि तपाई अझै पनि तौल घटाउने सोचमा हुनुहुन्छ र तपाईंको स्वस्थ आहारको बारेमा अन्योलमा हुनुहुन्छ भने आज हामी तपाईंलाई यी टिप्सहरू दिएर सहयोग गर्नेछौं ।

यो कुरा सत्य छ कि तौल घटाउन खोज्दा धेरै चीजहरू जस्तै जङ्क फूडलाई पुरै बेवास्ता गर्नुपर्छ र कडा आहारको पालना गर्नुपर्छ । तर हामी तपाईंलाई भनौं कि तपाईंले आफ्नो आहारमा वजन घटाउने यी व्यञ्जनहरू समावेश गरेर छिटो तौल घटाउन सक्नुहुन्छ, किनकि यी सबै व्यञ्जनहरूमा क्यालोरी धेरै कम हुन्छ र फाइबरमा उच्च हुन्छ र यसमा प्रोटिनको मात्रा पनि धेरै हुन्छ ।

**इडली साम्बर**

दक्षिण भारतीय परिकार इडली साम्बर एक हल्का डिश हो जसमा क्यालोरी धेरै कम हुन्छ र यसमा प्रयोग गरिने दालमा प्रोटिन पाइन्छ । यसका साथसाथै दालमा तरकारी थपिन्छ जसमा फाइबर प्रशस्त हुन्छ ।

**स्प्राउट्स सलाद**

अंकुरित दाल, काकडी, टमाटर र प्याजबाट बनेको सलाद एक पौष्टिक र भरिने विकल्प हो जुन प्रोटिन र फाइबर धेरै मात्रामा पाइन्छ । र धेरै कम क्यालोरी हुन्छ ।

**दाल**

लगभग सबै प्रकारका दालहरू प्रोटिन र फाइबरको ठूलो स्रोत हुन् । तपाईं आफ्नो आहारमा राजमा, चावल, दाल खिचडी जस्ता चीजहरू समावेश गर्न सक्नुहुन्छ। एक कचौरा दाल, प्याज, लसुन र मसलाले बनेको दालले तपाईंलाई पेट भरिएको महसुस गराउन सक्छ र तौल घटाउन पनि मद्दत गर्न सक्छ ।

**तन्दुरी चिकन**

तन्दुरी चिकन एक लोकप्रिय परिकार हो, जसलाई दही र मसलामा मैरिनेट गरिन्छ र त्यसपछि ग्रिल गरिन्छ । यसमा कम क्यालोरी, प्रोटिन र स्वादले भरिपूर्ण हुन्छ ।

**पालक पनिर**

पालक पनिर एक पालक र पनिर डिश हो जुन भिटामिन, खनिज र प्रोटिनले भरपुर हुन्छ । तर यसमा कम फ्याट पनिर प्रयोग गर्नुहोस् र यसलाई स्वस्थ विकल्प बनाउन तेलको मात्रा घटाउनु होस् ।

**तरकारी करी**

फूलगोभी, गाजर र मटर जस्ता तरकारीहरूबाट बनेको करी स्वादिष्ट र पोषक तत्त्वले भरिपूर्ण खाना हुन सक्छ, वजन घटाउनको लागि उपयुक्त मानिन्छ ।

**राइता**

राइता दहीबाट बनाइन्छ, जसलाई डिप वा साइड डिशको रूपमा प्रयोग गर्न सकिन्छ । यसमा क्यालोरी कम हुन्छ र प्रोटिनको मात्रा धेरै हुन्छ र काकडी टमाटर र प्याज जस्ता तरकारीबाट बनाउन सकिन्छ ।

**मसाला अमलेट**

अण्डा, प्याज, टमाटर र मसलाले बनेको अमलेट एक पौष्टिक र पेट भरिने खाजा हो, जसमा प्रोटिनको मात्रा धेरै हुन्छ र कम क्यालोरी हुन्छ ।

# माइग्रेनको आयुर्वेदिक उपचार

माइग्रेनसम्बन्धी आम मानिसमा धेरै किसिमका भ्रमहरु छन् । धेरैले त यो रोग लागेपछि कहिल्यै पनि निको हुँदैन भन्ने सोच राखेको पाइन्छ । माइग्रेनको रोगी सधैँभरि दुखाइसँग नै बाँच्नुपर्छ भन्ने धारणा पनि धेरै रहेको पाइन्छ । कतिपयले त माइग्रेनलाई मानसिक रोग पनि ठानिरहेका हुन्छन् । माइग्रेनमा खाइने औषधिको साइड इफेक्ट धेरै हुन्छ भनेर औषधि नखाई टाउको दुखाएर नै जीवन व्यतीत गर्नेहरु पनि धेरै भेटिन्छन् । यी सबै एकदमै गलत धारणा हुन् ।

विश्व स्वास्थ्य संघका अनुसार हरेक महिना १५ दिनसम्म टाउको दुख्ने व्यक्तिहरुको जनसंख्या विश्वमा १.७ देखि ४ प्रतिशत रहेको छ । विश्वमा निकै कम व्यक्तिहरुको मात्र टाउको दुख्ने समस्यालाई स्वास्थ्यकर्मीहरुले पहिचान गर्न सकेको पाइन्छ । यसकारण सामान्यतः टाउको दुखाइको समस्यालाई व्यापक बेवास्ता गरिन्छ, राम्रोसँग पहिचान गरिँदैन र उपचार पनि गराइँदैन । अतः टाउको दुख्ने समस्या अहिले विश्वव्यापी समस्याका रुपमा लिन थालिएको छ ।

जीवनमा एकपटक पनि टाउको नदुखेको व्यक्ति यस धर्तीमा शायदै कोही होला । टाउको दुख्ने समस्या स्नायु प्रणालीका समस्याहरुमध्ये अति सामान्य समस्या हो । टाउको दुख्नुको अनेक कारण हुन्छन् । व्यक्तिगत एवं सामाजिक दबाबको पीडा, अपाङ्गता, खराब गुणस्तरको जीवन, आर्थिक समस्या आदि कारणले गर्दा पटक-पटक टाउको दुख्ने समस्या हुन्छ ।

आयुर्वेदका आचार्य सुश्रुतका अनुसार शिरको त्यो रोग जसमा टाउको आधा भागमा १५ दिन अथवा १० दिन वा अचानक फुट्नेजस्तो गरी पीडा वा घोच्ने गरी हुने दुखाइ, पीडा, चक्कर आउनु अर्धावभेदक अर्थात् माइग्रेन हो ।माइग्रेन प्रायः किशोर अवस्थाबाट शुरु हुन्छ र ३५ देखि ४५ वर्ष उमेर समूहलाई बढी प्रभावित गर्दछ । महिलाको शरीरमा हर्मोनल उतारचढाव बढी हुनाले (गर्भावस्था, मिन्सुरेसन, मेनोपज आदि हुने भएकोले) पुरुषभन्दा महिलाहरुमा माइग्रेनको समस्या बढी देखिन्छ । सामान्यतया पुरुषलाई भन्दा महिलालाई दुई गुणा बढी माइग्रेन हुने गरेको पाइन्छ ।

आयुर्वेदका प्रसिद्ध वैद्य आचार्य वागभटले शिरसम्बन्धी रोगहरुलाई १० प्रकारका हुन्छन् भनी बताएका छन् । उनले माइग्रेनलाई अर्धावभेदक नामले अष्टाङ्ग संग्रह पुस्तकमा व्याख्या गरेका छन् । वागभटले अधिक सुख्खा खाना, अत्यधिक भोजन, लामो समय भोकै बस्नु, पूर्वतिरबाट आएको हावामा लामो समय बस्नु, अति चिसो खानपिन गर्नु, अति मैथुन गर्नु, दिसापिसाब आदिको प्राकृतिक वेगहरुलाई रोक्नु, अत्यधिक परिश्रम गर्नु, अत्यधिक कसरत गर्नाले माइग्रेन हुने बताएका छन् ।


आधुनिक चिकित्सा विज्ञानमा टाउको दुखाइलाई ४ प्रकार मानिन्छ । १. माइग्रेन, २. टेन्सन टाइप हेडेक, ३. कलस्टर हेडेक र ४. मेडिकेसन ओभरयुज टेन्सन हेडक । माइग्रेन त्रिदोषज (वात, पित्त र कफ सबै प्रभावित) अर्थात् तिनै दोषको कारण उत्पन्न हुने रोग हो । वातले स्नायु प्रणाली र पित्तले रक्तनलीहरुलाई प्रभावित बनाई माइग्रेन उत्पन्न हुन्छ ।

**वातप्रधान माइग्रेनको लक्षण**
**पित्तप्रधान माइग्रेनको लक्षण**
**कफप्रधान माइग्रेनको लक्षण**

१. छालाको
सुख्खापन
२. कब्जियत
३. टाउकोमा

**तीव्र वेदना १. आँखा रातो हुने वा चिलाउने**

२. प्रकाशको उपस्थितिमा टाउको दुख्ने



३. चिडचिडाहट हुने
४. नाकबाट रगत बग्ने १. थकान
२. डिप्रेसन
३. टाउको दुखाइ (ब्लुकब्लुक वेगसहित)

बढ्दो तनावले मस्तिष्कमा सीधा असर पार्छ । कहिलेकाहीँ मस्तिष्कले त्यस्ता पदार्थ रिलिज गर्छ, जसले टाउको दुखाइ माइग्रेन पनि पैदा गर्छ । अतः तनावको कारण पनि माइग्रेनको समस्या हुन्छ । अत्यधिक या अपर्याप्त निद्राका कारण पनि माइग्रेन हुन्छ । कफीको अत्यधिक प्रयोग पनि माइग्रेनको कारण भएको देखिएको छ ।

अत्यधिक कफी सेवनलाई एकैपटक बन्द गर्दा पनि माइग्रेन सिर्जना हुने गर्दछ । वातावरणमा आउने परिवर्तनहरुले पनि माइग्रेन हुन्छ ।

निरन्तर लामो समयमा हल्लायुक्त स्थानमा बस्नु पनि माइग्रेनको कारण हुने देखिएको छ । तापमानमा हुने परिवर्तनको कारण पनि अत्यधिक टाउको दुखाइ हुनसक्छ । अधिक प्रकाश एवं अत्यधिक गर्मीमा जीवनयापनले पनि माइग्रेन हुने गरेको पाइन्छ । धूमपान र मदिराको अधिक सेवन पनि माइग्रेनको कारक हो । थरी-थरीका चकलेटहरु, मसलेदार खानेकुराले पनि माइग्रेन हुने गर्दछ ।

माइग्रेन हुनु आफैँमा एउटा मेडिकल कन्डिसन हो । कोही-कोहीमा यो वंषाणुगत पनि हुने गर्छ । यदि परिवारको अघिल्लो पुस्ताको कुनै सदस्यलाई माइग्रेन थियो भने पछिल्लो पुस्तालाई पनि माइग्रेन हुने सम्भावना ८० प्रतिशत हुने गर्छ ।

**माइग्रेनका लक्षणहरुः**

रु टाउकाको नसा धड्किरहेको अनुभव हुन्छ ।

– टाउकाको एउटा भागबाट दुख्न शुरु हुन्छ र पूरै टाउकोमा चर्को दुखाइले आक्रान्त बन्छ ।

– माइग्रेनको दुखाइले दैनिक नियमित कामको तालिका बिग्रिन्छ ।

– माइग्रेनले अत्यधिक आँखा दुख्नुका साथै आँखा चिम्लिँदा जलन हुन्छ ।

– कहिलेकाहीँ बान्तासमेत हुने गर्छ ।

– तीव्र प्रकाश, ध्वनि र गन्ध परिवर्तनप्रति निकै संवेदनशील हुने हुन्छ ।

– दुखाइले छटपटी सिर्जना गर्छ ।

– शरीरमा थकान महसुस हुन्छ, राम्रोसँग निद्रा पर्दैन ।

– माइग्रेनले मुडमा तीव्र परिवर्तन आउँछ ।

– विनाकारण अकस्मात उदास र उत्साहित गराउँछ ।

– माइग्रेनको दुखाइ हुनुभन्दा पहिले खानाप्रति निकै आशक्ति जाग्छ ।

– पटक-पटक पिसाब लागेको अनुभूति हुन्छ ।

पहिले-पहिले माइग्रेनलाई भास्कुलर (रक्तनलीगत) रोग भनिन्थियो । तर अहिले यसलाई न्युरोलोजिकल ( स्नायुगत) रोग भन्ने गरिन्छ । माइग्रेन एक विशिष्ट प्रकारको टाउको दुखाइ हो, जुन दुखाइ निकै कडा हुने गर्दछ । यस प्रकारको टाउको दुखाइले दैनिक जीवनका प्रायः सबै काम गर्न असहज हुन्छ । समग्रमा जीवनयापनलाई नकारात्मक बनाउँछ ।

माइग्रेनको कारण पत्ता लगाउन सकिएमा माइग्रेन पूर्णरुपमा निको हुनसक्ने रोग हो भन्ने विषय सबैले बुझ्नु आवश्यक छ । माइग्रेनको कारण र ट्रिगर गर्ने तत्वको पहिचान एवं त्यसको त्याग, उचित औषधिको सेवन, उचित जीवनशैली तथा व्यायाम, योग, ध्यान प्राणायाम, सप्लिमेन्टहरु, एक्युपन्चर तथा एक्युप्रेसर आदिको सम्यक प्रयोगले माइग्रेनलाई जित्न सम्भव छ ।

**आयुर्वेदिक उपचारः**

माइग्रेनको चिकित्सामा पहिला टाउकोमा जमेर रहेको फोहोर निकाल्न शिरोविरेचन (जस्तै- नस्य, रक्तमोक्षण आदि) गर्नुपर्दछ । त्यसपछि पूरै शरीरको फोहोर सफा गर्न शोधन गरिन्छ अनि औषधिको धूप वा धुवाँको प्रयोग गरिन्छ ।

**सम्यक खानपिन र जीवनशैलीः**

तेल, घिउ वा बोसो नराखी पकाइएको खाना खान प्रोत्साहन गर्नुपर्छ । खानामा अधिकांश भाग फलफूल र सब्जीको प्रयोग गरिनुपर्छ । सब्जीहरुको ताजा रस वा सुप, फलफूल जस्तै- स्याउ, आँप आदिको जुस अधिक मात्रामा सेवन गर्नुपर्छ । दिनको एकपटक वा दुईपटकभन्दा बढी भोजन लिनुहुँदैन । अंगुर, कागती, बन्दा आदिको बढी प्रयोग गर्नुपर्छ । मही र सलादको दैनिकजसो प्रयोग गर्नुपर्छ । ६ देखि ८ घन्टा अनिवार्य रुपमा सुत्नुपर्छ । धूमपान र मद्यपान छोड्नुपर्छ । दैनिक प्रातः भ्रमणमा जानुपर्छ । घरबाहिरको फास्ट फुड, क्यान्ड फुड, चकलेट आदि खान बन्द गर्नुपर्छ ।

दिनभरिमा कम्तीमा ३ देखि ४ लिटर पानी पिउनुपर्छ । अधिक चिया वा कफी पिउन छोड्नुपर्छ । दैनिक रुपमा घिउ, गाईको दूध र नरिवलको पानी पिउनु लाभदायक हुन्छ । खानेकुराले पनि माइग्रेन निम्त्याउने गर्दछ, जुन हरेक व्यक्तिका लागि फरक-फरक हुने गर्दछ । यसको मतलब यो होइन कि खानेकुराले गर्दा नै माइग्रेन हुन्छ । व्यक्ति विशेषका लागि केही खानेकुरा त्यस्ता हुन्छन्, जसले टाउको दुखाउन मद्दत गर्दछ । अतः माइग्रेनको रोगी खानपिनप्रति पनि सचेत रहनुपर्छ ।

**योग र पञ्चकर्मः**

माइग्रेनमा हुने टाउको दुखाइका लागि गहिरो श्वासप्रश्वासको क्रियालाई प्रभावकारी विधि मानिन्छ । योगनिद्राको प्रयोगले पनि तत्काल राहत दिन्छ । सावधानीपूर्वक खुट्टा माथि र टाउको तल पारी गरिएका आसनहरुले माइग्रेनमा लाभ हुन्छ ।

पञ्चकर्म विधिमा शिरोविरेचनका लागि नाकलाई उत्तेजित बनाउने औषधियुक्त नस्य विधिको प्रयोग गरिन्छ । यसले नाकभित्रको फोहोरको सफाइ गर्दछ । त्यसपछि फेरि केही औषधियुक्त (असुरो, मरिच आदि) रस नाकमा महसहित राखिन्छ, जसले दुखाइ शान्त गर्न सहयोग गर्दछ । त्यस अतिरिक्त महानारायण तेल वा तिलको तेल नाकमा राखेर पनि नाक सफा गरिन्छ ।

*एजेन्सीको सहयोगमा*

## 'राष्ट्रपतिबाट राष्ट्रमाथि बेइमानी भयो'




काठमाडौँ । राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरेपछि राप्रपा नेपालका अध्यक्ष कमल थापाले बेइमानी भएको टिप्पणी गरेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणको दिन नागरिकता विधेयक प्रमाणित भएकोमा पनि थापाले प्रश्न उठाए ।

'प्रमको भारत भ्रमणको दिन नागरिकता विधेयक प्रमाणित गर्नुले प्रस्ट हुन्छ, यो विधेयक कसलाई खुसी पार्न बनेको हो । राष्ट्रहित विपरीत ठहर गरी तत्कालीन राष्ट्रपति विद्या भण्डारीले रोकेको नागरिकता विधेयक राष्ट्रपति पौडेलले प्रमाणीकरण गर्नु राष्ट्रपति संस्था कै अपमान हो । राष्ट्रप्रति बेइमानी हो,' थापाले ट्वीटरमा लेखेका छन् ।

राष्ट्रपति पौडेलले ९ महिना अघि निष्क्रिय भइसकेको विधेयक प्रमाणीकरण गरेर संविधान र जनादेशको अपमान गरेको उनको आरोप छ । 'तत्कालीन राष्ट्रपति भण्डारीले वैवाहिक अङ्गीकृत नागरिकता लगायत राष्ट्रहितका विभिन्न प्रश्नहरू उठाएर विधेयक रोकेकी थिइन्,' उनले भने, 'अहिले नयाँ चुनावबाट नयाँ जनादेश प्राप्त संसद् आएको अवस्थामा राष्ट्रपति पौडेलले ९ महिना अघि निष्क्रिय भैसकेको विधेयक प्रमाणीकरण गर्नु संविधान र जनादेशको समेत अपमान हो ।'

अब भारतीय महिलाले विवाह कै दिन नागरिकता पाउने भन्दै नागरिकता कागजको खोस्टो मात्र नभएको थापाले बताए । 'भारतीय नागरिकले नेपाली चेली विवाह गरेर लैजाँदा उनले भारतको नागरिकता पाउन ७ वर्ष कुर्नुपर्छ । राष्ट्रपति पौडेलले आज प्रमाणीकरण गरेको विधेयक लागू भएपछि नेपाली नागरिकले विवाह गरेको भारतीय महिलाले विवाह कै दिन नागरिकता पाउने छिन्, सांसद मन्त्री हुन पाउँछिन्। नागरिकता कागजको खोस्टो होइन,' उनले भनेका छन् ।

# तत्काल प्रहरीले हाइप्रोफाइलको फाइल खोल्नुपर्छ

**विकास बज्राचार्य**

पूर्वउपप्रधानमन्त्री तथा पूर्वगृहमन्त्रीलाई समेत पक्राउ गरेर नक्कली भुटानी शरणार्थी प्रकरणमा अनुसन्धान गरेको नेपाल प्रहरी यतिबेला उच्च मनोबलमा छ । अनुसन्धानमा प्रहरीमाथि हस्तक्षेप नहुने हो भने नेपाल प्रहरीले जतिसुकै पावरफुल व्यक्तिलाई पनि कानुनी कठघरामा ल्याउन सक्छ भन्ने यो मुद्दा उदाहरण बनेको छ ।

नक्कली भुटानी प्रकरणपछि प्रहरीले आफुमाथिको यो विश्वास र साख कायम राख्न सक्छ कि सक्दैन भन्ने प्रश्न यतिबेला उठेको छ । प्रहरीभित्रै पनि यस विषयमा छलफल सुरु भएको छ ।

विगतमा दबाबका भरमा अनुसन्धान हुन नसकेका फाइलहरू यही मौकामा खोल्नुपर्ने आवाज प्रहरीभित्र उठेको छ । यदि, थप ठूला प्रकरणमा पनि छानबिन र अभियोजन हुनसके मात्र प्रहरीप्रतिको विश्वास कायम हुने र यसले सुशासनको आधार खडा गर्ने प्रहरी अधिकारीहरू बताउँछन् ।

सुन तस्करीदेखि जग्गा हिनामिनासम्मका दर्जनौं फाइलमाथिको अनुसन्धान प्रहरीमा थन्क्याइएको छ । कतिपय प्रहरीकै स्वार्थमा त केही राजनीतिक दबाबका भरमा अनुसन्धान हुन सकेको छैन ।

अहिले ठूला दलका प्रभावशाली नेतालाई समेत पक्राउ गरेर कारबाही गर्न सफल प्रहरीले पेन्डिङ फाइल खोतल्ने आँट गरेमा देशमा प्रहरी संगठनको इज्जत थप बढ्नुका साथै बिचौलियातन्त्रको जालो केही हदसम्म रोकिने निश्चित छ ।

देशको विमानस्थलबाटै पाँच वर्षसम्म हजारौं केजी सुन तस्करी भएको घटना डिसमिस भयो । तस्करीको सुन बरामद गर्न नसक्दा अदालतले त सबैलाई सफाई दियो नै, त्यसमा संलग्न अन्य व्यक्तिउपर थप अनुसन्धान पनि हुन सकेन ।

गृह मन्त्रालयका तत्कालीन सहसचिव ईश्वरराज पौडेल अध्यक्षताको अनुसन्धान टोलीले २०७४ को चैत २० गते गोरे समूहले विमानस्थलबाट सुन तस्करी गरेको घटनामा छानबिन गरी तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओलीलाई आफ्नो प्रतिवेदन बुझाएको थियो । जुन प्रतिवेदन हालसम्म प्रधानमन्त्री कार्यालयमै थन्काइएको छ । जसमा थप अनुसन्धान गर्नुपर्ने एक सय भन्दा धेरै तस्करहरूको नाम छ ।

'सुन तस्करीमै उनीहरुको संलग्नताको अनुसन्धान गर्न नसकेपनि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमार्फत् उनीहरुको सम्पत्ति छानबिन गर्न सकिन्थ्यो,' सो अनुसन्धान टोलीमा रहेका एक अधिकृत भन्छन्, 'तर, फाइल नै गोप्य रहँदा धेरैले उन्मुक्ति पाएँ ।'

उन्मुक्ति पाएकाहरू अहिलेपनि सुन तस्करी तथा हुन्डीजस्ता अवैध धन्दामा संलग्न रहेको स्रोत बताउँछ । यतिबेला सो फाइलमाथि अनुसन्धान गर्न सके धेरै माफियाहरू जेल जाने निश्चित छ ।

त्यस्तै, बालुवाटारस्थित ललितानिवास क्याम्पको सरकारी जग्गा हिनामिना प्रकरणमा प्रहरीको अनुसन्धान सकाएको दुई वर्ष पुगिसकेको छ । र, यसको अनुसन्धान प्रतिवेदन पनि सिआइबीमै थन्किएको छ ।

पैसा वा जग्गा घुस लिएर सरकारी जग्गा हिनामिना गरेको आरोपमा अख्तियारले यसअघि नै एक सय ७५ जनालाई मुद्दा दायर गरेको छ । तर, सरकारलाई ठगेको तथा किर्ते कागज पनि बनाएको विषयमा छुट्टै अनुसन्धान गर्न सरकारले प्रहरीको सिआइबीलाई जिम्मा दिएको थियो । जसमध्ये ठगीमा मुद्दा नचल्ने निर्णय सरकारी वकिलले गरेको छ भने, कीर्तेमा हदम्याद नलाग्ने भनेर फाइल त्यतिकै रोकिएको छ ।

अख्तियारको मुद्दामा समेटिएका सबैमाथि सिआइबीले पनि अनुसन्धान गरिसकेको छ । त्यसबाहेक थप एक सय ५० गरी करिब तीन सय २५ जनालाई मुद्दा लगाउने सिआइबीको तयारी थियो ।

सिआइबीले चारवटा छुट्टाछुट्टै मुद्दाको फाइल तयार पारेको छ । ०४९ साल, ०६२ साल, ०६७-६८ र ०६९-७० मा भएका छुट्टाछुट्टै निर्णयबाट ललितानिवास क्याम्पको जग्गा हिनामिना भएको थियो । जसमा छुट्टाछुट्टै मुद्दा बनाएर सिआइबीले अनुसन्धान गरेको छ ।

पूर्वसचिव शारदाप्रसाद त्रिताल नेतृत्वको छानबिन आयोगले ठगी र किर्ते मुद्दाको अनुसन्धान सिआइबीबाट गर्न सिफारिस गरेको थियो । सिआइबीले १० महिना लगाएर विस्तृत छानबिन गरी २०७६ को पुसमा सरकारलाई प्रतिवेदन बुझाएको थियो । सोही प्रतिवेदनका आधारमा जाहेरी दिएपछि मुद्दाका लागि प्रक्रिया सुरु भएको हो ।

बालुवाटार जग्गा प्रकरणमा सिआइबीले २०७५ सालदेखि नै अनुसन्धान गरिरहेको थियो । तर, ठगी मुद्दा नचल्ने राय महान्यायाधिवक्ता कार्यालयबाट आएपछि प्रहरीले ठगी फाइल थाती राख्यो । पछि २०७८ को पुसमा लिखत कीर्ते पनि टुंगाएर अघि बढाएकोमा त्यो पनि फाइल सरकारी वकिलले फर्काई दिएको थियो ।

अख्तियार र सिआइबीको अनुसन्धान जारी रहेकै वेला २०७६ को फागुन १ मा गृह मन्त्रालयअन्तर्गतको समरजंग कम्पनीले ठगी र किर्ते अपराधमा कारबाही गर्न सिआइबीमा जाहेरी दिएको थियो । ठगी मुद्दामा अनुसन्धानको म्याद एक वर्ष हुने भएकोले एक वर्षपछि अनुसन्धान टुगाए पनि मुद्दा चल्न सकेन ।

किर्ते मुद्दाको हदम्याद भने दुई वर्ष हुन्छ । जुन २०७८ को माघमा सकिएको छ । सिआइबीको अनुसन्धानमा किर्ते कागजपत्र बनाएर मन्त्रिपरिषद्लाई झुक्याइएको निष्कर्ष निकालिएको छ । विभिन्न किर्ते कागजपत्र पेस गरी मन्त्रिपरिषद्बाट त्यही आधारमा आफूअनुकूल निर्णय गराएको सिआइबीको ठहर छ ।

बालुवाटार प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको अनुसन्धानभन्दा प्रहरीको अनुसन्धानमा थप विवरण भेटिएका छन् । अख्तियारको मुद्दामा समेटिएका सबैमाथि सिआइबीले पनि अनुसन्धान गरिसकेको छ । त्यसबाहेक थप एक सय ५० गरी करिब तीन सय २५ जनालाई मुद्दा लगाउने सिआइबीको तयारी थियो ।

अख्तियारले सो जग्गा सुरुमा नामसारी गर्ने र अहिलेका धनीलाई मात्र मुद्दा चलाएको छ । सिआइबीले भने, बीचमा जग्गा लिएर नाफामा बेचेकाहरूलाई समेत मुद्दा चलाउनुपर्ने निष्कर्ष निकालेको छ । त्यसमा नेताका आफन्तदेखि ठूला व्यापारीसम्म भएपछि अनुसन्धानको फाइल रोकिएको हो ।

राणा परिवारबाट जग्गा बहस पाउनेहरू पनि सिआइबी छानबिनमा तानिएका थिए । सरकारी अधिकारीले राणा परिवारबाट जग्गा बकस पाएका थिए, पछि यो जग्गा अरूलाई बेचेका थिए । बालुवाटारको जग्गा मुकुन्द आचार्य, प्रेमबहादुर खापुङ, सुधीर शाह, गेहनाथ भण्डारी, विनोद पौडेल, जगत पुडासैनी, कलाधार देउजालगायत कर्मचारीले बकस पाएका थिए ।

सिआइबीको छानबिनमा गुठीका थप कर्मचारीको यसमा संलग्न देखिएको छ । प्रधानमन्त्रीनिवास विस्तार योजनाको मुचुल्का बनाउँदा गुठी संस्थानका कर्मचारी तथा तत्कालीन वडाध्यक्ष र सचिवको समेत संलग्नता थियो । त्यसतर्फ आयोगले छानिबन गरेको थिएन ।

अझ अचम्म त सो जग्गामा अझैं व्यापारीहरूले नै रजाई गर्दै आएका छन् । भाटभटेनी सुपरमार्केटको गोदाम त्यही रहेको छ । अन्य व्यापारीका घरसमेत खाली गराउन सरकारले सकेको छैन ।

प्रधानमन्त्रीनिवाससँगै जोडिएको करिब एक सय ३६ रोपनी जग्गा गृह मन्त्रालयअन्तर्गतको समरजंग कम्पनीको नाममा रहेकोमा पटक-पटक गरी विभिन्न व्यक्तिको नाममा दर्ता गरेर बिक्री गरिएको थियो । यसमा मालपोत, नापी, गुठी र सरमजंग कम्पनीकै कर्मचारीको मिलेमतो थियो ।

बिचौलियाहरूले मन्त्रीहरूलाई समेत प्रभावमा पारी मन्त्रिपरिषद्बाटै पटक-पटक निर्णय गराएर जग्गा व्यक्तिको नाममा दर्ता गराएका थिए । नक्कली कागजपत्रहरू समेत राखेर झुक्याई निर्णय गरिएको थियो ।

कांग्रेस नेता सूवर्णशमशेर राणाको नाममा हदबन्दीभन्दा बढी रहेको जग्गा पञ्चायत कालमा सरकारले कानुनअनुसार मुआब्जा दिएर अधिग्रहण गरेको थियो । तर, प्रजातन्त्रको पक्षमा लागेकाले पञ्चायतले जफत गरेको जग्गा फिर्ता गर्न भन्दै ०४९ मा सरकारले निर्णय गरेको थियो । जफत गरिएका जग्गा मात्र फिर्ता गर्नुपर्नेमा अधिग्रहण गरिएको जग्गा पटक-पटक गरी फिर्ता गरिएको थियो ।

पछि छुट जग्गा दर्ता, प्रधानमन्त्रीनिवास विस्तार योजनाका नाममा नक्कली मोही खडा गरेर थप जग्गा हिनामिना भएको थियो ।

मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने तत्कालीन मन्त्रीहरू विजयकुमार गच्छदार, चन्द्रदेव जोशी र डम्बर श्रेष्ठविरुद्ध भने मुद्दा दायर भएको थियो । त्यस्तै, अख्तियारकै पूर्वप्रमुख आयुक्त दीप बस्न्यात, पूर्वसचिवहरू दिनेशहरि अधिकारी, छविराज पन्तविरुद्ध समेत अख्तियारले मुद्दा दायर गरेको थियो ।

मीनबहादुर गुरुङलगायत केही व्यवसायीसमेत यसमा मुछिएका छन् । बिचौलियाहरू रामप्रसाद सुवेदी र शोभाकान्त ढकालले यी सबै काम गरेका थिए । अख्तियारले २२ माघ ०७६ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । जुन मुद्दामा अझै फैसला आएको छैन ।

यस्तै, नेपालमा घुम्न आउने विदेशी पर्यटकलाई बिरामी बनाएर हेलिकोप्टरमार्फत उद्धार गरी बीमा रकम ठगी हुने गरेको प्रकरण पाँच वर्षअघि बाहिरियो । पर्यटन मन्त्रालयले यसमा छानबिन गरी ठगी भएको निष्कर्ष निकाल्यो । जुन विषयमा थप छानबिनको जिम्मा सिआइबीलाई दिइएको थियो ।

सहसचिव घनश्याम उपाध्याय नेतृत्वको समितिले २०७५ को असार १५ मा प्रतिवेदन बुझाएको थियो । सो प्रतिवेदन कार्यान्वायनका लागि सिआइबीलाई पठाइएको थियो । तर, दबाबका भरमा यसको पनि अनुसन्धान हुन सकेको छैन । यसमा हेलिकोप्टर कम्पनी, अस्पताल तथा ट्रेकिङ कम्पनीहरु मुछिएका छन् ।

हिमाल घुम्न जाने पर्यटकको खानामा पखाला चल्ने औषधी खुवाउने र उनीहरूलाई हेलिकोप्टरमार्फत उद्धार गरी सेटिङका अस्पतालमा उपचार गरी पैसा असुल्ने गरिएको थियो । पर्यटकको बीमा गरेको हुने भएकाले यी सबै खर्च बीमामार्फत आउने हुनाले यसरी नेपालको पर्यटक क्षेत्रलाई नै बदनाम गराएको यो घटना पनि गुमचुपमै छ ।

यी बाहेक कतिपय हत्या तथा ठगीका घटना पनि दबाबको भरमा निष्पक्ष अनुसन्धान हुन सकेको छैन । दबाबका भरमा थन्काइएका फाइल खोल्ने अवसर यतिबेला प्रहरीले सदुपयोग गर्न जरुरी छ ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले गृह मन्त्रालय सम्हालेको करिब दुई महिना भएको छ । यो अवधिमा उनले केही राम्रा काम गरेर प्रशंशा कमाइरहेका छन् । उनले सस्तो लोकप्रियताका लागि काम गरिरहेका छन् कि साँच्चिकै देशमा सुधार नै चाहेका छन् त्यो भने आगामी दिनमा थाहा हुनेछ ।

शरणार्थी प्रकरणमा जस्तै प्रहरीलाई दबाब नदिई अन्य हाईप्रोफाइलका फाइलमाथि अनुसन्धानमा प्रोत्साहन गर्न सकेमा मात्र वास्तवमै उनले केही गर्न चाहेको पुष्टि हुने प्रहरी अधिकारी बताउँछन् ।

'गृहमन्त्रीले देशमा सुशासन नै चाहनु भएको हो भने, प्रहरीलाई साथ दिए पुग्छ, अरु केही गर्नु पर्दैन,' एक उच्च प्रहरी अधिकारी भन्छन्, 'प्रहरीको सरुवा-बढुवालाई निष्पक्ष बनाउने र अनुसन्धानमा दबाब नदिए उहाँ इतिहासकै सफल गृहमन्त्री बन्नुहुनेछ ।' श्रेष्ठको वास्तविक अग्निपरीक्षा बल्ल सुरु भएको छ ।

## सम्पादकीय

# अदालतको अग्निपरीक्षा

नक्कली भुटानी शरणार्थी प्रकरणमा उच्च पदस्थ अधिकारीसहित ३० जनालाई प्रतिवादी कायम गर्दै सरकारी वकिलले जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरिसकेको छ। यतिबेला अभियुक्तलाई इजलासको कठघरामा उभ्याएर धमाधम बयान लिईदै छ। ठगी, सरकारी कागजात किर्ते, राष्ट्रहित विरुद्धको कसुर र संगठित अपराधको गंभिर अभियोग उनीहरूमाथि छ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन उद्यत भएका हुन् भने यो गम्भीर अपराधको पनि पराकाष्टा हो। अझै यस्तो कार्यमा तत्कालीन सरकारकै उपप्रधानमन्त्री, मन्त्री, सल्लाहाकार, एमाले सचिव, नेताका छोराछोरी संलग्न भएको घटनाले अन्तर्राष्ट्रियरूपमा समेत नेपाल बदनाम बनेको छ। जे भए पनि अब अदालतले कुनै दबाब र प्रभावमा नपरी निष्पक्ष रूपले दुधको दुध, पानीको पानी खुट्याउने सामर्थ्य राख्नुपर्ने छ।

**दालतको स्वतन्त्र र निष्पक्ष आँखामा हेर्दा आफ्नै नागरिकलाई नक्कली शरणार्थी बनाउने खेलमा राज्यका उच्च पदस्थ अधिकारी हुन् वा सत्ता बाहिरका, दोषी ठहरे कठोर दण्डको भागीदार हुनैपर्छ। यसमा नरम ढंगले होइन, अदालत कडाभन्दा कडा ढंगले प्रस्तुत हुनुपर्दछ। यो प्रकरण अब नेपालको विषय मात्र छैन। अन्तर्राष्ट्रियरूपमा समेत गम्भीर चासोको विषय बनेको छ।**

शरणार्थी प्रकरणमा पहिलो चरणको अनुसन्धान मात्र सकिएको छ। थप अनुसन्धान बाँकी नै छ। फरार रहेका १५ आरोपी पक्राउ हुन र अदालतमा 'सरेन्डर' गर्न बाँकी नै छ। थप अनुसन्धान हुँदा उनीहरूबाट नयाँ 'क्लू' आउन सक्छन्। ती तथ्यहरूसमेत निष्पक्ष न्यायमा सहयोगी हुन सक्नेछन्। यसकारण अब सबैका आँखा प्रहरी, सरकारी वकीलबाट अदालततिर सोझिएका छन्। यो प्रकरणमा अदालत कसैको दबाब र प्रभावमा पर्छ वा निष्पक्ष एवं भयरहित वातावरणमा न्याय सम्पादन गर्छ भनेर नागरिक पहरेदारी जारी छ। संसददेखि सडकसम्म अदालतले के गर्ला भन्ने प्रश्न उठेको छ।

कुनै पनि आरोप किटानी वा आशंकामा आधारित हन्छ। प्रमाणको परीक्षण सक्षम अदालतबाट हुन बाँकी नै छ। प्रमाणको संकलन गर्दै अहिले अभियोजन भएको अवस्था हो। अदालतबाट विश्लेषण र परीक्षणको काम संपन्न हुन बाँकी नै छ। आरोपका पछाडिको अन्तर्य ठोस विश्लेषणसहित केलाएर अन्तिम निष्कर्षमा पुऱ्याउनुपर्ने अभिभारा न्यायाधीशको काँधमा छ।

घटना प्रकरणमा पर्याप्त तथ्य, आधार र कारण मौजुदा छन् भने कानुनबमोजिम पुर्पक्षका लागि थुनामा राखिनुपर्ने कुरामा विवाद छैन। फेरि निर्दोषको नाममा वास्तविक दोषी उम्कने छिद्र खोजिए न्यायको मार्ग नै स्खलित हुने छ। अझै दोषी उम्कने, निर्दोष जेल जाने अवस्था आइपरेमा न्याय मर्ने अवस्था आउने छ।

अदालतको स्वतन्त्र र निष्पक्ष आँखामा हेर्दा आफ्नै नागरिकलाई नक्कली शरणार्थी बनाउने खेलमा राज्यका उच्च पदस्थ अधिकारी हुन् वा सत्ता बाहिरका, दोषी ठहरे कठोर दण्डको भागीदार हुनैपर्छ। यसमा नरम ढंगले होइन, अदालत कडाभन्दा कडा ढंगले प्रस्तुत हुनुपर्दछ। यो प्रकरण अब नेपालको विषयमात्र छैन। अन्तर्राष्ट्रियरुपमा समेत गम्भीर चासोको विषय बनेको छ।

यो मुद्दामा जोडिएका व्यक्तिको संलग्नता या प्रकृति कस्तो हो भनेर न्यायको कसीमा घोटेर निश्कर्षमा पुग्न जरुरी छ। अभियोग जिल्ला अदालत तहबाटै शंकारहित तवरले प्रमाणित हुन जरुरी छ। किनभने, पछि माथिल्लो तहसम्मै यो एउटा मानकका रुपमा रहने छ। आरोपीलाई फौजदारी न्यायको सिद्धान्तले समर्थन गर्छ कि गर्दैन भनेर जाँचपड्ताल गरेर खुट्याउने गरुङ्गो जिम्मेवारी न्यायाधीशको काँधमा छ। यसकारण स्वच्छ सुनुवाइको विधि र प्रक्रिया कस्तो होला भनेर अब सबैको ध्यान अदालततिर मोडिएको छ।

बयान सकिएपछि बाह्य दबाब र हस्तक्षेपबिना स्वच्छ सुनुवाइको प्रक्रिया अपनाईनु आबस्यक छ। तब मात्र अन्तिम सत्य पहिल्याउन सकिन्छ। अभियोगपत्र दर्ता भइसकेको अवस्थामा आरोपितलेइजलासमा सफाइको पर्याप्त मौका पाउनेछन्। आफ्नो विषयमा लागेका लाञ्छना, तथ्य प्रमाण, अदालती कामकारबाहीको जानकारी माग्ने र पाउने अभियुक्तको पनि अधिकार हुन्छ।

अदालतले अन्तिम न्याय दिँदा विश्वसनीयताका लागि कसुरको मात्रा र सजायको मात्राबीचको सन्तुलन मिलाएर हेर्नुपर्दछ। दोषी प्रमाणित हुने र निर्दोषिता सिद्ध गर्ने दुवै पक्षका प्रमाणलाई अदालतले सुक्ष्म ढंगले नियालेर हेर्नुपर्छ। कानुन, न्याय र विवेकको सही विश्लेषणबाट नै फैसलाको जन्म हुन्छ।

अदालतको स्वतन्त्र र निष्पक्ष आँखामा हेर्दा आफ्नै नागरिकलाई नक्कली शरणार्थी बनाउने खेलमा राज्यका उच्च पदस्थ अधिकारी हुन् वा सत्ता बाहिरका, दोषी ठहरे कठोर दण्डको भागीदार हुनैपर्छ। यसमा नरम ढंगले होइन, अदालत कडाभन्दा कडा ढंगले प्रस्तुत हुनुपर्दछ। यो प्रकरण अब नेपालको विषयमात्र छैन। अन्तर्राष्ट्रियरुपमा समेत गम्भीर चासोको विषय बनेको छ।

# एमालेमा युवाको अवस्था र अबको भूमिका


सरिता सापकोटा

एउटा भनाइ छ, 'यदि असल मानिस राजनीतिमा सहभागी नहुने हो भने उनीहरू खराब मानिसबाट शासित हुनुपर्छ।' आजको समाजलाई अग्रगमनतर्फ लैजाने मुख्य माध्यम राजनीति हो, अर्थात् वर्तमान परिवेशमा राजनीतिविना न सामाजिक विकास सम्भव छ, न त भौतिक विकास नै। सामाजिक तथा भौतिक समृद्धि र आर्थिक उन्नतिका लागि राजनीतिमा युवाको सहभागिता अनिवार्य छ। युवा भनेको कुनै उमेर समूह होइन, यसले विज्ञानसम्मत र तर्कसंगत सोचलाई जनाउँछ, जुन सोचले समयको गतिलाई समाएर युग सुहाउँदो यात्रा गर्न सकोस्।

जैविक दृष्टिकोणले मानिसका आफ्नै विषेशता छन्। मानिसको उमेर उसको शारीरिक र मानसिक स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुन्छ। उमेरका कारण मानिसका दैनिक गतिविधि प्रभावित भइरहेका हुन्छन्। आजको आधुनिक तथा वैज्ञानिक युगमा राजनीतिको स्वरूप फेरिँदै गएको छ। परम्परागत राजनीतिक शैली विस्थापित हुँदै गएको छ भने आधुनिक, वैज्ञानिक, गुणस्तरीय, डाटाबेस्ड तथा प्रविधिमैत्री राजनीतिक शैली विकसित हुँदै गएको छ। यस्तो किसिमको बदलिँदो परिवेश र राजनीतिक वातावरणलाई सन्तुलित र वैज्ञानिक तरिकाले डोऱ्याउन शरीरमा जोश, जाँगर र ऊर्जा भएको उमेर समूह आवश्यक पर्छ। त्यसैले होला, अहिले नेपालको राजनीतिमा विचारसहितका युवाको प्रत्यक्ष सहभागिता र भूमिका खोज्न थालिएको छ।

'युवाले जिते संसारले जित्नेछ, युवाले हारें सिङ्गो संसारले हार्नेछ,' मार्क्सको यो भनाइ ठ्याक्कै नेपालको वर्तमान परिस्थितिसँग मिल्ने खालको देखिन्छ। नेपालमा पनि २०४६ सालपछिको परिस्थितिलाई विश्लेषण गर्ने हो भने धेरै ठूलाठूला परिवर्तन र आन्दोलन भएका छन्, तर ती आन्दोलनको नेतृत्व न युवालाई गर्न दिइयो, न त प्राप्त उपलब्धिलाई संस्थागत गर्ने प्रक्रियामा युवालाई सहभागी गराइयो। केवल सत्ता र शक्ति आर्जन गर्ने माध्यम बनाएर युवालाई आन्दोलनमा व्यापक प्रयोग गरियो।

नेपालमा भएका युगान्तकारी परिवर्तन र प्राप्त उपलब्धिमा युवाको अग्रभूमिका रहे पनि राजनीतिक नेतृत्वले युवालाई सधैं म्यादी प्रहरी जसरी प्रयोग गरेको तितो यथार्थ हाम्राअगाडि आज पनि घामजत्तिकै छर्लंग छ।

राजनीतिमा अग्रस्थान ओगट्नेहरूले सधैं युवालाई भविष्यका कर्णधारका रूपमा परिभाषित गर्ने गरेका छन्। नेताहरू भ्रातृ विद्यार्थी संगठनलाई पार्टीको नर्सरीका रूपमा परिभाषित गर्छन्, तर नर्सरीमा हुर्किरहेका कैयौँ वृक्ष बुढा हुन थालिसकेका छन्, ती वृक्षका हाँगा लुत्किन थालिसकेका छन्। ती बुढा हुँदै गरेका वृक्षलाई कहिले उर्वर माटोमा सार्ने ? ती वृक्षमा फूलेका फूलको सुगन्ध देशको उन्नति, प्रगति र आर्थिक समृद्धिका लागि कहिले प्रयोग गर्ने ? नेतृत्वको ध्यान त्यतातिर केन्द्रीकृत होस्।

माओले भनेका थिए, 'युवाहरू यो देश तिमीहरूको हो, यो देश हाम्रो पनि हो, तर अन्तिममा यो देश तिमीहरूकै हो।' हामीकहाँ कतिपय कम्युनिस्ट पार्टीको नामकरण नै मार्क्स, माओ र लेनिनलाई समेटेर गरिएको छ। ती पार्टीका नेतृत्वले कहिले भन्ने हुन्- युवाहरू ! अन्तमा यो देश तिमीहरूकै हो, जाऊ, देश बनाऊ। हामी विश्राम गर्छौं। आज नेकपा एमालेमा आस्था राख्ने सम्पूर्ण युवा पंक्ति यही उद्घोषको प्रतीक्षामा छन्।

नेपालमा भएका युगान्तकारी परिवर्तन र प्राप्त उपलब्धिमा युवाको अग्रभूमिका रहे पनि राजनीतिक नेतृत्वले युवालाई सधैं म्यादी प्रहरी जसरी प्रयोग गरेको तितो यथार्थ हाम्राअगाडि आज पनि घामजत्तिकै छर्लंग छ। यो नै नेपाल र नेपालीका लागि सबैभन्दा ठूलो दुर्भाग्य हो। अझै पनि पार्टीभित्र महाभारतीय शैलीको राजनीति हाबी छ। युग अनुसार यो पार्टीले आफूलाई बदल्न सकेको छैन। पार्टीमा मदनको जबजलाई बोकेर केसरजङ्ग शैलीको राजनीति गर्ने तत्त्व हाबी छन्, जो चाहन्नन्, यो उर्वर माटोमा युवा पनि पोखिऊन् र देशका कुना-कन्दरामा हरियाली छरून्।

युवा शक्ति भनेको नवीनताको पर्याय हो। युवाहरू राजनीतिक स्तम्भका रूपमा समाजको अगाडि उभिदै गर्दा जनताले उनीहरूबाट नवीन शैलीको आर्थिक, राजनीतिक र समाजिक रूपान्तरण खोजेका हुन्छन्।

अहिलेको अवस्थामा नेपाली जनतामा युवाप्रतिको आकर्षण बढ्दै गएको छ। यसरी युवाप्रति जनतामा विश्वासको वातावरण बन्दै जानु र परिवर्तनको अपेक्षा युवाको ध्रुवतिर सर्नु निकै राम्रो र सकारात्मक पक्ष हो, तर यो गम्भीर जिम्मेवारी र यति ठूलो विश्वासको पहाडलाई आत्मसात गरेर के अहिले नै हाम्रो पार्टीमा राजनीति गरिरहेका युवाले देशको बागडोर आफ्नो हातमा लिन सक्छन् त ? यो बहसको विषय हो।

त्यसो त समस्या युवाभित्र पनि छन्। निकै लामो अध्ययन र अनुसन्धानको बाटोबाट आफ्नो विरासत नेपाली जनतामा स्थापित गरेको देशको पहिलो कम्युनिस्ट पार्टीभित्रका युवा कार्यकर्ता अध्ययन र छलफलका कार्यक्रमभन्दा पनि नेताका दैलातिर धाउन अथवा भृकुटीमण्डपमा गफ चुट्न अभ्यस्त देखिन्छन्, यसले पार्टीभित्रको बौद्धिक आन्दोलन कति कमजोर भएको छ भन्ने दर्शाउँछ। हामी के हौं, के होइनौं र हामी किन कांग्रेसभन्दा फरक हौं भन्ने चेतना एमालेको पछिल्लो पुस्तामा देखिँदैन। यो खालको स्कुलिङ नेताहरूबाट पनि भएको छैन, यसले पार्टी वैज्ञानिक राजनीतिको दिशाभन्दा पनि परम्परागत राजनीतिकै बाटोमै छ भन्ने इङ्गित गर्छ। यसको निराकरणका लागि नेपालको राजनीतिमा रूचि र चासो राख्नेदेखि हरेक पार्टीबाट राजनीति गर्ने प्रत्येक युवाले आफूलाई आत्मैदेखि सुधार गर्न आवश्यक छ।

युवा शक्ति भनेको नवीनताको पर्याय हो। युवाहरू राजनीतिक स्तम्भका रूपमा समाजको अगाडि उभिदै गर्दा जनताले उनीहरूबाट नवीन शैलीको आर्थिक, राजनीतिक र समाजिक रूपान्तरण खोजेका हुन्छन्। युवाबाट समाजमा नौलो राजनीतिक सिद्धान्त, सहिष्णुता, विचारका साथै फरक शैलीमा देशको भौतिक तथा सामाजिक विकास होस् भन्ने चाहन्छन् जनता। जनतामा आफूप्रति बढेको यो विश्वासलाई चिरस्थायी बनाउन युवाले सधैं उन्नत सामाजिक चेत बोक्नु जरुरी छ, यसका साथै आजका युवाले पार्टी भित्र र बाहिर हुने अनियमितता, भ्रष्टाचार, नातावाद, कृपावादका विरुद्ध आलोचनात्मक चेतसहित आइपरे आफ्नै नेता विरुद्ध पनि फरक ध्रुवमा उभिन सक्ने सामर्थ्य र हैसियत बोक्नु अनिवार्य छ। कुनै पनि देशको समग्र विकासको मापन त्यो देशका युवा कति अनुशासित, सुसूचित, सभ्य र शिक्षित छन् भन्ने कुराबाट हुन्छ, त्यसैले राजनीतिमा आबद्ध हरेक युवाले समाजमा इमानदारीका साथ उच्च राजनीतिक आचरण मात्र प्रस्तुत गर्नुपर्छ, युवा जोश र युवा चेतना कहिल्यै पनि गलत काम र गलत प्रवृत्तिको ढाकछोपका लागि प्रयोग हुनुहुँदैन।

विज्ञान प्रविधिको उल्लेख्य विकास र पछिल्लो समय आर्टिफिसियल इटिलिजेन्समा देखिएको नयाँ विकास क्रमले अहिले विश्वमा नयाँ शैलीको आर्थिक तथा सामाजिक क्रान्तिले स्थान ओगट्दै गइरहेको छ। यसले सामाजिक संरचनामा उथलपुथलको अवस्था सिर्जना गर्ने लगभग निश्चित छ। यसबाट विश्वमा आइपर्ने चुनौतीको सामना गर्न अब हाम्रोजस्तो न्यून विकसित मुलुकमा मानिस कसरी तयार रहने ? नयाँ नयाँ राजनीतिक तथा आर्थिक सिद्धान्तको निर्माण कसरी गर्ने। आज बौद्धिक युवासमूह यसमा लाग्नुपरेको छ।

विश्वमा बढ्दै गएको जलवायु परिवर्तनलाई कसरी सम्बोधन गर्न सकिन्छ ? बढ्दो प्रदूषणलाई रोक्न हामीले के गर्न सक्छौं ? बढ्दै गरेको ऊर्जाखपतलाई वैकल्पिक ऊर्जा खपतका माध्यमबाट हामी कसरी न्यूनीकरण गर्न सक्छौं यस्ता किसिममा विषयमा ठोस नीति निर्माण गर्नका लागि युवाले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नु अहिलेको आवश्यकता हो। बेरोजगारी अहिले देशको सबैभन्दा ठूलो समस्या हो, जसले गर्दा हाम्रो दक्ष जनशक्ति ठूलो संख्यामा निर्यात भइरहेको छ। यो समस्या सम्बोधन गर्ने सवालमा अहिले राजनीति गर्ने हरेक युवा गम्भीर बन्न जसरी छ।

देशमा कृषि र पर्यटनको निकै ठूलो सम्भावना छ, जसले देशमा विद्यमान रहेको बेरोजगारीको समस्यालाई ठूलो मात्रामा हल गर्न सक्छ, कृषि तथा पर्यटन क्षेत्रलाई अझै व्यवसायीकरण गर्नका लागि थुप्रै नीति सुधार गर्नुपर्ने र नयाँ नीतिहरू निर्माण गर्नुपर्ने छ। जसका लागि युवा वर्गले दबाब सिर्जना गर्नुपर्ने हुन्छ। युवाले यसो गर्न सके हामीले खोजेको समाजवाद, आर्थिक समृद्धि र उन्नति त्यति टाढा छैन।

(लेखक सापकोटा अखिल नेपाल महिला संघको केन्द्रीय सदस्य हुन्।)

# काठमाडौंका ड्राइभिङ्ग सेन्टरको सेटिङ्गमा पूर्वी नवलपरासीमा लाइसेन्स वितरणमा चलखेल

नवलपुर। पूर्वी नवलपरासी जिल्लाको लाइसेन्स वितरणमा दलालको सेटिङ र चलखेल हुने गरेको खुलासा भएको छ। काठमाडौंको केही ड्राइभिङ स्कुलले यहाँ सेटिङ मिलाउने गरेको समेत भेटिएको छ। काठमाडौंको धापासी, गोंगबु, बानियाँटार, हेपालीहाइट र बांसबारी क्षेत्रमा रहेका ड्राइभिङ स्कुलले आफू कहाँ सिक्न आउने व्यक्तिहरूलाई यहाँ लिखित तथा ट्रायलको रूपमा पठाउने गरेको समेत भेटिएको छ।

यातायातका कर्मचारी र ट्राफिक प्रहरीको सेटिङमा काठमाडौदेखि अन्य बाहिरबाट आउनेहरूका हकमा सेटिङ मिलाएर फेल भए पनि पास गराउने काम गर्दै आएका छन्। ड्राइभिङ स्कुलका संचालकले आफु कहाँ सिक्न आउनेलाई तपाईं एक पटक गई दिनुपर्छ फेल भए पनि हामी पास गराएर लाइसेन्स ल्याई दिन्छौ भन्दै सेवाग्राही ल्याउने गरेको यातायातकै एक प्राबिधिक कर्मचारीले जानकारी दिए।

प्रदेश सरकार मातहतको यस यातायात कार्यालयमा दलालको कव्जा छ भन्दा फरक पर्दैन। यातायातका कर्मचारीले बाहिर जिल्ला जिल्लाका ड्राइभिङ स्कुलका संचालकहरूसंग सेटिङ मिलाएर सेवाग्राही यहाँ ल्याउने र फेल भए पनि सेटिङमा पास गराउने अनि ल्याप्चे समेत लगाएर लाइसेन्स चाहिँ सक्कली नै दिने गरेका छन्। काठमाडौबाट ट्रायल दिन आएका अर्याल थरका एक जना सेवाग्राहीले भने, ट्रायल सिक्न जाँदा नै संचालकले नवलपुरमा तपाईं एक पटक जानुपर्छ फेल भए पनि सक्कली लाइसेन्स ल्याई दिने जिम्मा मेरो भयो भनेर भर्ना लिन्छन्। "उनले थपे, यो ड्राइभिङ स्कुलबाट सिकेर यहाँबाट लाइसेन्स लिनेको संख्या यहाँ सयौं छ।




यहाँको यातायात कार्यालयमा प्रमुखको रूपमा ज्ञान प्रसाद फूंयाल भए पनि लामो समयदेखि टेकबहादुर घर्ती निमित्त कार्यालय प्रमुखको रूपमा कार्यरत छन्। कानूनले लाइसेन्सको सबै प्रक्रियाको अधिकार यातायातका कर्मचारीलाई दिएपनि सेटिङ मिलाउने, दलाल मिलाउने, ड्राइभिङ स्कुलसंगको सेटिङ मिलाउने काम ट्राफिक प्रहरीको तर्फबाट ट्रायलका खटिएका प्रहरीले गर्दै आइरहेका छन्। ट्राफिक प्रहरीको तर्फबाट लाइसेन्समा खटिने काम लामो समयदेखि बरिष्ठ सई लेखनाथ पुरी र हवल्दार पदम बडुले गर्दै आइरहेका छन्। बरिष्ठ सई पुरीले जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरमा आउने सईलाई मातहतका युनिटमा पठाउन लगाउने र जिल्ला ट्राफिकमा आंफै बसि सबै सेटिङ र चांजोपांजो मिलाउने काम गर्दैन आइरहेका छन्।

लाग्छ कि नवलपुर ट्राफिकको निरीक्षक नै उनै हुन। निरीक्षक त एक बर्ष आउंछन जान्छन् तर सई पुरी त लामो समयदेखि कव्जा जमाएर बसेका छन् र उनी जिल्ला ट्राफिकमा नै बस्छन्। अरू कसैलाई जिल्लामा टिक्न पनि दिदैननl अझ दस बर्ष अघि देखि नै तत्कालीन नवलपरासी र हालको नवलपुर ट्राफिक प्रहरीमा अड्डा जमाएर बस्ने हुन हवल्दार पदम बडु। लाइसेन्सको सबै सेटिङ र चांजोपांजो मिलाउने काम हवल्दार बडुले नै गर्ने कुरा दलाल देखि यहाँका प्रहरीको प्रमुख देखि यातायात कार्यालयका सबै प्रमुखलाई थाहा नभएको होइन। तर सबै आफ्नो भाग पाएपछि चुप छन्। किनकि यहाँ नजानेर पनि लाइसेन्स वितरण गर्दा उसको मात्रै होइन उसको कारणले कतिको ज्यान जाने हो कसैलाई मतलब र चिन्ता छैन, छ त केवल जसरी हुन्छ यातायातमा हुदा जतिसक्दो धेरै पैसा कमाउनु छ, भ्रष्टाचार गर्नु छ।

हवल्दार पदम बडुले यहाँ ट्राफिक प्रहरीमा काम गरेर यहीँ जिल्ला ट्राफिक प्रहरी कार्यालय पछाडि जग्गा खरिद मात्रै होइन सुबिधा सम्पन्न घर समेत बनाई सकेका छन्। अर्को एकजना ट्राफिक हवल्दारले त बडुले गाडी समेत खरिद गरिसकेको बताए। लगातार दशौं बर्षदेखि एकै ठाउँ र लाइसेन्समा बसेर जग्गा, घर र गाडी खरिद गर्ने भाग्यमानी हुन हवल्दार बडु। बडुलाई संरक्षण गराउने र सबै सेटिङ मिलाउने काम बरिष्ठ सई लेखनाथ पुरी भएको जिल्ला ट्राफिकका सबै जसो जुनियर अफिसर बताउँछन्। अहिले ट्राफिक प्रहरीको प्रमुख भएर आएका निरीक्षक गणेश पौडेलले पनि यही समूहलाई च्यापेर आफ्नो फाइदा लिई रहेका छन्। हवल्दार बडुलाई त गण्डकी प्रदेशका ट्राफिक प्रहरीका तत्कालीन प्रमुख प्रभु ढकालले धेरै बदनाम र लामो समयदेखि बसेर लाइसेन्समा सेटिङ गरेको जनगुनासो आएपछि तनहुँ जिल्ला ट्राफिकमा सरूवा गरेका थिए।तर ढकाल हिडे पछि आएका एसपी कृष्ण अधिकारीले यस्ता बदनाम बडुलाई फेरि नवलपुर जिल्ला ट्राफिक प्रहरी नै सरूवा गरिदिए।ठूलो रकमको लेनदेन भए पछि बडु फर्काइएको यहाँका ट्राफिक प्रहरी बताउँछन्। हवल्दार बडुको सेटिङ र जनगुनासो गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी बुद्धि गुरूङ र प्रहरी महानिरीक्षक बसन्त कुंवर कहाँ सम्म पुगेको समाचार स्रोत बताउँछ। अब उनीहरूले के गर्छन् त्यो भने हेर्न बांकी नै छ। हाम्रो समाचार स्रोतको दावी छ, नवलपुर ट्राफिकले गण्डकी ट्राफिक प्रहरीको नाममा मासिक घटिमा पनि पाँच लाख पठाउने गरेको छ। त्यसैले पनि हवल्दार बडु र करिष्ठ सई लेखनाथ पुरीहरू जोगिदै आएका छन्।

# महँगियो पाँच तारे होटलको बसाइ र विदेश यात्रा

सरकारले करको दायरा विस्तार गर्ने भन्दै होटल व्यवसायमा नयाँ शीर्षकमा कर लिने भएको छ । आगामी आर्थिक वर्ष २०८०/८१ को आर्थिक विधेयक अनुसार सरकारले आगामी आर्थिक वर्षदेखि लागू हुने गरी आतिथ्य सेवामा बिलासिता कर थप गरेको छ ।

सरकारले पाँचतारे वा सो भन्दा माथिको होटेल र लक्जरी रिसोर्टले प्रदान गर्ने सेवामा विलासिता कर लाग्ने व्यवस्था गरेको हो । आर्थिक विधेयक २०८० अनुसार विलासिता कर २ प्रतिशत तोकिएको छ । सरकारले आयातित मदिरा र १० लाख रुपैयाँ भन्दा बढी मूल्यका हिरा, मोती, पत्थर जडित सुन वा बहुमूल्य धातुका गहनामा समेत २ प्रतिशत विलासिता कर लागू गर्ने घोषणा गरेको छ ।

यस्तो कर होटेल तथा रिर्सोटले सेवा प्रदान गरेको बेला नै असुल गर्नेछन् । आयातित मदिरामा लिइने कर भने भन्सार विन्दुमै पैठारीका बेला असुली हुने छ ।१० लाख भन्दा बढीका धातुका गहनाको बिलासिता कर बिक्रेताले असुल गर्नेछ ।

उता, सरकारले गैरसरकारी संस्थाले तिर्नुपर्ने मूल्य अभिवृद्धि कर भने मिनाहा गरिदिएको छ । गैर सरकारी संस्थाले दातृ निकाय वा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त अनुदानमा मूल्य अभिवृद्धि कर निर्धारण भई तिर्न बाँकी रहेको वा त्यस्तो कर निर्धारण उपर प्रशासकीय वा अन्य निकायमा विचाराधीन रहेको मुद्दा फिर्ता लिएमा सबै मूल्य अभिवृद्धि कर र थप दस्तुर, ब्याज र जरिवाना मिनाहा गरिदिएको छ । यसका लागि २०८० मंसिरसम्म सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्ने आर्थिक विधेयकमा उल्लेख छ ।

**म्यानपावरलाई सेवा शुल्क**

सरकारले म्यानपावर कम्पनीबाट अब वैदेशिक रोजगार सेवा शुल्क उठाउने भएको छ । अब वैदेशिक रोजगार व्यवसायी वा इजाजत पाएको व्यक्तिले वैदेशिक रोजगारीमा जाने व्यक्तिबाट असुल गरेको रकमबाट एक प्रतिशत सेवा शूल्क तिर्नुपर्नेछ ।

यो रकम वैदेशिक रोजगारीमा जाने व्यक्तिको हितमा खर्च गरिने समेत सरकारको भनाइ छ । यो रकम म्यानपावरले २५ गतेभित्र राजस्व खातामा जम्मा गर्नुपर्छ । त्यसो नगरे वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्नेछ ।

**सञ्चार गृहलाई आयकर छुट**

सरकारले सञ्चार गृह (मिडिया हाउस)लाई आयकरमा २५ प्रतिशत छुट दिएको छ । आर्थिक विधेयक २०८० अनुसार मिडिया हाउसको कारोबार गर्नेले आय वर्ष २०७९/८० मा आफ्नो व्यवसायिक उद्देश्य अनुसार गरेको आयमा आयकर ऐन अनुसार लाग्ने करमा २५ प्रतिशत छुट दिएको हो ।

सरकारले आर्थिक वर्ष २०६३/६४ सम्मको बक्यौता आयकर मिनाहा गरेको छ । आर्थिक वर्ष २०६३/६४ सम्मको २०६५ असार मसान्तसम्म कर निर्धारण भई असुल हुन नसकेको आयकर बक्यौतामध्ये प्रतिलगत ५० हजार रुपैयाँसम्मको बक्यौता कर र त्यसमा लागेको ब्याज मिनाहा गरिएको आर्थिक विधेयकमा उल्लेख छ ।

**शिक्षा सेवा शुल्क वृद्धि**

विदेशमा अध्ययन गर्न जाने विद्यार्थीले विदेशी मुद्रा सटही गर्दा लाग्ने शिक्षा सेवा शूल्क बढेको छ । आर्थिक विधेयक २०८० अनुसार अब विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्कवापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो सटही रकममा तीन प्रतिशत शिक्षा सेवा शुल्क लाग्ने छ ।

यसअघि यो रकम २ प्रतिशत थियो । विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैंक वा वित्तीय संस्थाले शिक्षण सेवा शुल्क वापत संकलन गरेको रकम अर्को महिनाको २५ गतेभित्र राजस्व खातामा जम्मा गरी त्यसको विवरण राजस्व कार्यालयमा पठाउनु पर्नेछ ।

सरकारले वार्षिक ५० लाख भन्दा माथि आम्दानी गर्ने व्यक्ति र प्रोप्राइटरसिप फर्मलाई लाग्ने आयकरको सीमा बढाएको छ । अब यस्तो आम्दानी हुने व्यक्ति तथा प्रोप्राइटरसीप फर्मले ३९ प्रतिशत आयकर तिर्नुपर्ने छ ।

यसअघि वार्षिक २० लाख भन्दा माथिको आम्दानी हुने प्राकृतिक व्यक्तिलाई ३६ प्रतिशत आयकरको सीमा रहेको थियो । २० लाख भन्दा तलको सीमा भने चलाइएको छैन ।

एफपीओ प्रिमियम र मर्जरको लाभमा कर

सरकारले पब्लिक लिमिटेड कम्पनीले एफपीओ र मर्जरको बार्गेन पर्चेज गेनमा कर असुल गर्ने भएको छ । बैंक तथा वित्तीय संस्था बीमा कम्पनीसहित सूचीकृत कम्पनीले धितोपत्रको थप सार्वजनिक निष्कासन गर्दा प्राप्त प्रिमियम रकम र मर्जरमा जाने बैंक तथा वित्तीय संस्थासहितका कम्पनीले मर्जरमा जाँदा सेयर स्वाप अनुपातबाट हुने लाभको कर तिर्नुपर्ने व्यवस्था आर्थिक विधेयकले गरेको हो । साथै, मर्जर वा एक्विजिसनको लाभमा समेत कर असुल गर्ने व्यवस्था गरेको छ ।

'निकायहरु आपसमा गाभिदा वा प्राप्ति (मर्जर वा एक्विजिसन) मा सौदाबाजी गर्दा प्राप्त लाभ (बार्गेन पर्चेज गेन) बापतको आयलाई कर प्रयोजनको लागि आयमा समावेश गरी कर दाखिल नगरेको भए आर्थिक वर्ष २०७८/७९ सम्मको त्यस्तो आयमा लाग्ने कर संवत् २०८० साल मंसिर मसान्तभित्र दाखिल गरेमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ', आर्थिक विधेयक २०८० मा भनिएको छ ।

**सहकारीलाई आयकर वृद्धि**

सरकारले सहकारी संस्थाको आयकर पनि बढाएको छ । बचत तथा ऋणको कारोबार गर्ने सहकारीको कर बढाउने निर्णय गरेको सरकारले अन्य सहकारीको भने यथावत राखेको छ । अधिकतम १० प्रतिशतसम्म कर लाग्ने सहकारीले अब २० प्रतिशतसम्म कर तिर्नुपर्ने भएको छ ।

हाल नगरपालिकाभित्र सञ्चालित सबै सहकारी संस्थालाई ५ प्रतिशत कर लाग्ने व्यवस्था थियो । तर, नगरपालिकामा सञ्चालित बचत तथा ऋण सहकारीले आयको १० प्रतिशत कर तिर्नुपर्ने भएको छ । यस्तै उपमहानगरपालिकाभित्र सञ्चालित बचत तथा ऋणको कारोबार गर्ने सहकारीको कर ७ प्रतिशतबाट बढेर १५ प्रतिशत पुगेको छ ।

**विदेश भ्रमणमा जानेलाई ५ प्रतिशत वैदेशिक पर्यटन कर**

सरकारले विदेश भ्रमणमा जानेहरुबाट कर असुल गर्ने गरी नयाँ नीति ल्याएको छ । नयाँ व्यवस्थाअनुसार अब विदेश भ्रमणमा जाने नेपालीले भुक्तानी गर्ने रकममा पाँच प्रतिशतका दरले वैदेशिक पर्यटन कर तिर्नुपर्नेछ । यस्तो कर वैदेशिक भ्रमणमा जाने व्यक्तिले भ्रमण प्याकेज बिक्रेतालाई खरिदकै बखत कर तिर्नुपर्ने छ ।

फर्म वा कम्पनी व्यवसाय प्रवर्द्धनका सिलसिलामा आफू सम्बद्ध प्राकृतिक व्यक्तिलाई वैदेशिक भ्रमणमा लैजाँदा लाग्ने खर्च लेखाङ्कन बखत नै कर तिर्नु पर्नेछ । पर्यटन शुल्क वापत संकलन गरेको राजस्व अर्को महिनाको २५ गतेसम्म जम्मा गरिसक्नुपर्ने छ ।

स्थानीय तहको स्रोत कटौती, संघीयतामा प्रश्न

सरकारले सोमबार ल्याएको आर्थिक वर्ष २०८०/०८१ को बजेटको उद्देश्य मध्ये एउटा उद्देश्यमा भनेको छ, 'संघीयताको सवलीकरण र सुशासन कायम गर्ने ।'

बजेटकै बुँदा नम्बर ४२३ मा भनिएको छ 'राजस्व बाँडफाँट र वित्त हस्तान्तरणलाई प्रभावकारी बनाई वित्तीय संघीयतालाई सवल बनाइनेछ ।'

उद्देश्य संघीयतालाई प्राथमिकता दिने भने पनि सरकारले स्थानीय तह र प्रदेशलाई दिएको रकम हेर्ने हो भने भनाइ र गराइ मेल खाँदैन । सरकारले आगामी आर्थिक वर्षमा स्थानीय तह र प्रदेशमा जाने रकम कटौती गरेको छ ।

आगामी आर्थिक वर्ष २०८०/०८१को बजेट वक्तव्य प्रस्तुत गर्देअर्थमन्त्री डा. प्रकाशशरण महतले स्थानीय तहमा ६ अर्ब २४ करोड र प्रदेशमा २४ अर्ब ३९ करोड वित्तीय हस्तान्तरणमा कटौती गरेको घोषणा गरेका छन् ।

यो घोषणालाई स्थानीय तह र प्रदेशका जनप्रतिनिधिहरुले सरकारको संघीयता विरोधी कदम भन्दै विरोध जनाएका छन् ।

नेपाल नगरपालिका संघका अध्यक्ष भीम ढुंगानाले सरकाले स्थानीय तहको बजेट कटौती गर्दा घर दैलो कै सरकारलाई स्रोत अभाव हुने तर्क गरे ।

उनले भने, 'मैले बजेट राम्रो अध्ययन गर्न त पाएको छैन, तर स्थानीय तहरुको बजेट कटौती गर्नु भनेको काम गर्ने सरकारहरुको स्रोत रोक्नु हो ।'

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीराम चौधीरले पनि संघीयताको मर्म अनुसार बजेटले सम्बोधन नगरेको बताए । 'सरकारले प्रदेश सरकारलाई दिने वित्तीय हस्तान्तरण घटाउनु आफैमा दुखद् हो । यसले संघीयतालाई र प्रदेशलाई बलियो बनाउँदैन,' उनले भने, 'वित्तीय समानीकरण अनुदान, सशर्त र समपुरक अनुदान घटाउँदा प्रदेश सरकारको प्रभावकारी हुन सक्दैन ।'

तर राष्ट्रिय स्रोत तथा वित्त आयोगका अध्यक्ष डा. बालानन्द पौडेलले सरकारले परिस्थिति जन्य रुपमा बजेट कटौती गरेको बताए । 'स्थानीय तहको बजेट कटौती राम्रो कुरा त होइन, तर अहिले परिस्थितिजन्य रुपमा वित्तीय हस्तान्तरण कम गरेको देखिन्छ,' पौडेलले भने 'सरकारले यसलाई स्थानीय तहको बजेट कटौती गर्ने अधिकारको रुपमा भने लिन हुँदैन, या एउटा परिस्थिती हो भनेर छुट दिन सकेन पनि यसले प्रचलनको रुपमा लियो भने हानीकार हुन्छ ।' पौडेलले वित्तीय हस्तान्तरण कटौतीले स्थानीय सरकार र प्रदेश सरकारहरुले आफ्नै स्रोतहरुको पहिचान पनि गर्दै जानुपर्ने बताए ।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख मोहम्मद इस्तियाक खानले स्थानीय सरकारलाई दिने वित्तीय हस्तान्तरण घटाएर संघीय सरकारले स्थानीय तहलाई कमजोर बनाएको आरोप लगाए । उनको जस्तै तिलोत्तमा नगरपालिकाका उपप्रमुख जगेश्वरदेवी चौधरीले बजेटले स्थानीय तहलाई दिने तीनवटै अनुदान घटाएको भन्दै स्थानीय विकास निर्माण र सामाजिक विकास प्रभावित हुने बताइन् ।

सरकारले ल्याएको बजेटमा वित्तीय समानीकरण अनुदानतर्फ प्रदेशलाई ५८ अर्ब ६७ करोड रुपैयाँ र स्थानीय तहलाई ८७ अर्ब ३५ करोड रुपैयाँ गरी १ खर्ब ४६ अर्ब २ करोड वित्तीय हस्तान्तरण गर्ने छ ।

सशर्त अनुदानतर्फ प्रदेशलाई ३५ अर्ब ७२ करोड र स्थानीय तहलाई १ खर्ब ९१ अर्ब गरी २ खर्ब २७ अर्ब ६१ करोड हस्तान्तरणको घोषणा अर्थमन्त्री महतले गरेका हुन् ।

समपुरक अनुदानतर्फ प्रदेशलाई ६ अर्ब २२ करोड स्थानीय तहलाई ७ अर्ब ५ करोड हस्तान्तरण घोषणा गरेका हुन् । विशेष अनुदान्तर्फ प्रदेश र स्थानीय तहलाई क्रमश ४ अर्ब ४६ करोड र ८ अर्ब ७३ करोड विनियोजन गरेको बताएका छैन ।

जबकी चालु आर्थिक वर्ष २०७९/०८० मा वित्तीय समानीकरण अनुदानतर्फ प्रदेशलाई ६१ अर्ब ४३ करोड रुपैयाँ र स्थानीय तहलाई १ खर्ब २३ करोड रुपैयाँ वित्तीय हस्तान्तरण भएको थियो ।

सशर्त अनुदानतर्फ प्रदेशलाई ५७ अर्ब १७ करोड रुपैयाँ र स्थानीय तहलाई १ खर्ब ८३ अर्ब ७२ करोड रुपैयाँ विनियोजन भएको थियो । प्रदेश तथा स्थानीय तहलाई पूर्वाधारसम्बन्धी आयोजना कार्यान्वयन गर्न समपूरक अनुदान स्वरूप प्रदेशलाई ६ अर्ब ३० करोड रुपैयाँ, स्थानीय तहलाई ७ अर्ब २७ करोड विनियोजन भएको थियो । विशेष अनुदानतर्फ प्रदेश र स्थानीय तहलाई क्रमश: ४ अर्ब ५६ करोड र ९ अर्ब १४ करोड रुपैयाँ विनियोजन भएको थियो ।

संघीयता विज्ञ रहेका राष्ट्रिय सभा सदस्य डा. खिमलाल देवकोटाले सरकारले वित्तीय हस्तान्तरणमा कटौती गरेर संविधान विरोधी काम गरेको बताए ।

'स्थानीय तह र प्रदेशहरुलाई झन कमजोर बनाउनेगरी सरकाले बजेट कटौती गरेको छ । कतिपय कार्यक्रमहरु संघीयता विरोधी समेत छन्,' देवकोटाले भने, 'अनावश्यक रुपमा संसद विकास कोष राख्ने तर स्थानीय तह र प्रदेशको स्रोत रोक्ने काम गलत हो ।'

उनले सरकारमा संघीयता प्रतिको सकरात्मक सोच नदेखिएको भन्दै सरकार झन केन्द्रिकित मानसिकताले ग्रसित भएको टिप्पणी गरे ।

## साप्ताहिक राशीफल

भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)

कामका अनुकूल समय छैन, अलि तनाव, स्वास्थ्यमा पनि गडबड देखिन्छ । सामानहरु पनि हराउन सक्छ, अरुको भरमा कार्य थालनी नगर्दा राम्रो देखिन्छ , अन्त्य साताातिर चुनौति बढे पनि काममा सफलता लिन सकिन्छ, मनमा दुविधा पनि बढ्नेछ । सानो दुरीको यात्राको पनि अवसर जुट्नेछ ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)

अरुको सहयोगले काम बन्ने छ, साहित्य, कला, योग व्यायाम क्षेत्रमा रुची बढ्नेछ, सरकारी क्षेत्रको काममा मान सम्मान पाइनेछ, सत्रु नाश हुनेछन्, ढाड, पेटको बिमार देखा पर्न सक्नेछ, सवारीमा भने सतर्कता अप्नाउनुपर्ने देखिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)

अधुरो कार्यहरु सफल हुनेछन्, विदेश यात्राको अवसर जुट्नेछ, धन लाभ हुनेछ, जमिन सम्बन्धी कार्यमा लाग्नाले फाइदा मिल्नेछ, अन्त्यमा फजुल खर्च बढ्नेछ, भोजभत्तेरतिर पनि सरिक हुनुपर्ने देखिन्छ ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)

सामाजिक, आर्थिक क्षेत्रमा मिश्रित लाभ मिल्नेछ, कामको अवसर जुट्नेछ, ार्मिक क्षेत्रको कार्यमा रुची बढ्नेछ, राजनीतिक क्षेत्रमा सफलता मिल्नेछ, व्यवसायबाट आम्दानी मिल्नेछ, सवारी साधन जोड्न सकिने योग छ । भाग्यले धेरै अवसर जुटाउनेछन् ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)

अध्ययन, अध्यापनमा रुची बढ्नेछ, यात्राको अवसर जुट्नेछ, सांस्कृतिक कार्यमा सरीक हुन सकिनेछ, ठूला व्यक्तिसँगको भेटले मनमा आनन्द आउनेछ, सन्तान सुख हुने, साताको अन्त्यमा घरासी झमेलाले सताउन सक्ने देखिन्छ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)

बैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ, मनमा उमङ्ग छाउनेछ, कुनै सभामा सहभागी हुने देखिन्छ, अध्ययनको क्षेत्रमा सफलता हुनेछ, पार्टनरसीपको काममा मनग्य फाइदा मिल्नेछ, मुद्दा मामिलाको पनि सामना गर्नुपर्ने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)

पारिवारिक भेटघाटमा व्यस्त भइनेछ । रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ, इच्छा पूरा हुनेछ, विशिष्ठ व्यक्तिको सहयोग मिल्नेछ, श्रमको मूल्यांकन हुनु सक्नेछ, प्रेममा पनि सफलता हुनेछ, प्रतिस्पर्धी मान्छेहरुसँग पनि जीत हासिल हुने देखिन्छ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)

प्रियजनसँग रमाइलो भेटघाट हुनेछ, खर्च बढाउने, मेहनत गर्दा चिताएको काम बन्नेछ, अर्थ अभावले आँटेको काम रोकिन सक्नेछ, शुक्रबारदेखि खानपिनमा अलि सजग रहनुपर्ने देखिन्छ । अन्त्यमा भाग्यले साथ दिनेछ र लक्ष्य प्राप्ति हुनेछ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)

कर्मयोगबाट फाइदा हुनेछ, मेहनतले अवसर हात पार्न सकिन्नेछ, जोश बढ्नेछ, मनोरञ्जन तथा पारिवारिक जमघट हुनेछ, शुक्रबारदेखि खर्च बढ्नेछ, समयमा काम गर्न नसक्दा अवसर गुम्न सक्नेछ भने अन्त्यमा फाइदा हुने योग छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)

आफ्नो मेहेनतले अरुले फाइदा लिनेछन्, सुरुमा रीस गर्नेले सताउनेछन् । यात्राको अवसर जुट्नेछ, अध्ययनमा प्रगति हुनेछ । व्यापारमा सामान्य फाइदा हुनेछ, बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुनेछ।प्रेमि र मित्रताको बन्धनत कसिलो हुनेछ, स्वास्थ्इको लागि विशेष सजग रहनु पर्ने देखिन्छ ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)

सुरुमा काम विग्रनाले अन्योलको सृजना हुनेछ, आत्मबलको कमी हुनेछ, अध्ययनमा रोकावट हुन सक्छ, शनिबार पछि नयाँ कामको अवसर जुट्नेछ, प्रतिस्पर्धीले भने दु:ख दिनेछन् र साताको अन्त्यमा व्यवसायको अवसर जुट्नेछ, दिगो फाइदा हुने काम पनि जुट्नेछ ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)

दिगो फाइदा हुने कामको सुरुवात हुनेछ, धन आर्जन हुनेछ । पारिवायरिक समस्या देखा पर्नेछ, आफन्तको सहयोग पाउन गाह्रो हुनेछ, शनिबारदेखि स्थितिमा सुधार आउनेछ । प्रतिष्ठित व्यक्तिसँग भेटघाट हुनेछ । छोटो दुरीको यात्रा हुनेछ, सवारी साधनमा सजक रहनुपर्ने देखिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४००००० /५४१११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिंच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई नि:शुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# टेस्ट राष्ट्रलाई पनि जित्न सक्छौं : रोहित पौडेल



नेपाली राष्ट्रिय क्रिकेट टिम विश्वकप छनोटको तयारीका लागि मंगलबार दक्षिण अफ्रिका प्रस्थान गरेको छ । जुन १८ देखि ९ जुलाईसम्म जिम्बावेमा आयोजना हुने छनोट खेल्न नेपाली टिम दक्षिण अफ्रिकामा ४ वटा अभ्यास खेल खेलेर सिँधै छनोट खेल्न जानेछ । दक्षिण अफ्रिकामा नेपालले त्यहाँका स्थानीय टिमहरुसँग अभ्यास खेल खेल्नेछ । तर, अभ्यासको खेल तालिका भने सार्वजानिक गरिएको छैन ।

विश्वकप छनोट खेल्न जानु अघि नेपाली टिमका कप्तान रोहित पौडेलले टिम पूर्ण रुपमा तयार रहेको र दक्षिण अफ्रिकामा हुने अभ्यास खेलको पनि भरपुर उपयोग गरेर अझ राम्रोसँग तयार हुने बताए ।

‘विश्वप छनोटका लागि हामी पूर्णरुपमा तयार छौं । पछिल्लो एक हप्तादेखि फिटनेसमा काम गरिरहेका थियौं । दक्षिण अफ्रिकामा चारवटा अभ्यास खेल खेल्छौं । अभ्यास खेलको भरपुर उपयोग गरेर हामी विश्वकप अघि राम्रोसँग तयार हुन्छौं, उनले भने ।

गत महिना घरेलु मैदानमा सम्पन्न एसीसी प्रिमियर कपको च्याम्पियन बन्दै नेपाली क्रिकेट टिम एसिया कपमा छनोट भयो । एसिया कपमा छनोट भएसँगै नेपालको लामो समयदेखि टेस्ट राष्ट्रसँग खेल्ने सपनाले आकृति पाएको थियो । त्यतिबेला भारत र पाकिस्तानसँग खेल्ने भन्दा नेपाली टिम निकै उत्साहित भएका थिए । तर, संयोग नेपालले विश्वकप छनोटमा आफ्नो समूहमा दुई टेष्ट राष्ट्रको सामना गर्नुपर्ने छ । जिम्बावे र वेस्ट इन्डिज नेपालको समूहमा छन् । छनोटको ड्र आउँदा टेस्ट राष्ट्रसँग नेपाल पर्दा पुरै टिम एक्साइटेड रहेको र टेस्ट राष्ट्रहरुसँगको ‘ब्याटल’का लागि तयार रहेको कप्तान रोहितले प्रस्ट्याए ।

‘सबैको सपना थियो टेस्ट राष्ट्रहरुसँग खेल्ने र धेरै भएको थियो हामीले राम्रो टिमहरुसँग खेल्न नपाएको । यो हाम्रो लागि ठूलो अवसर हो । ड्र आएपछि सबैजाना एक्साइटेड छन् । र, त्यो ‘ब्याटल’का लागि तयार छन्,’ रोहितले सुनाए ।

नेपालले विश्वकप छनोटमा यसअघि पनि जिम्बावेको सामना गरेको छ । पहिला नेपालले जिम्बावेसँग खेलेका खेलहरुमा नेपालले फराकिलो हार बेहोरेको छ । पहिलाको नतिजालाई सम्झिदै रोहितले भने, ‘जिम्बावेसँग पहिला खेलेको टिम र अहिले खेलेको टिम फरक छ । अहिलेको टिममा सबैजाना माथि जुनसुकै खेल पनि जित्नसक्ने आत्माविश्वास छ । टेस्ट राष्ट्रसँग खेल्दा एक दुई जना मात्रै हैन ६/७ जनाले राम्रो खेल्यो भने हामी कुनैपनि टिमलाई जित्न सक्छौं जस्तो मलाई लाग्छ,’ ।

अरु टिमको तुलनामा नेपाल केही सहज समूहमा छ । तर, जिम्बावे र वेस्ट इन्डिज भएको समूहलाई सहज नभएको र त्यहाँ गएर ‘बेस्ट’ क्रिकेट खेल्नुपर्ने प्रतिक्रिया रोहितले दिए ।

विश्वकप छनोटमा नेपालको पहिलो टार्गेट जिम्बावेलाई जित्ने रहेको छ । पहिलो खेल कसरी जित्ने ?, सुपर ६ मा कसरी आउने ? र शीर्ष दुईमा परेर विश्वकप कसरी खेल्ने ? इत्यादी कुरामा नेपाली टिम यतिबेला केन्द्रित रहेको रोहित बाताउँछन् ।

यस्तै, उनले विश्वकप पुग्न नेपाली टिमका लागि राम्रो अवसर रहेको र पछिल्ला ३/४ महिनामा जसरी नेपाली टिमले क्रिकेट खेलेको छ त्यसले यत्तिबेला टेस्ट राष्ट्र होस् या कुनैपनि टिमलाई जित्नसक्ने आत्माविश्वास रहेको बताए ।

‘विश्वकप पुग्न एकदमै राम्रो अवसर छ । मलाई भित्रैदेखि के महसुस हुन्छ भने कुनैपनि टेष्ट राष्ट्रलाई हामी जित्न सक्छौं भन्ने विश्वास आएको छ । पछिल्ला ३/४ महिनामा हामीले जस्तो क्रिकेट खेलेका छौं त्यो हेर्दा हामी जस्तो टिमलाई पनि हराउन सक्छौं जस्तो लाग्छ,’ रोहितले विश्वास दिलाए ।

जिम्बावेसँग पहिला खेलेपनि अहिलेको टिममा धेरै खेलाडी नयाँ छन् । तर, वेस्ट इन्डिज भनेको नेपालले टिभीमा मात्रै हेरेको टिम हो । विश्वकप छनोटमा भने नेपालले वेस्ट इन्डिजको सामना गर्नुपर्ने छ । वेस्ट इन्डिजसँगको खेलका लागि पुरै टिम तयार र उत्साहित रहेको रोहितले सुनाए ।

‘वेस्ट इन्डिजसँग खेल्न टिममा उत्साह छ । हामीले सँधै वेस्ट इन्डिजलाई टिभीमा हेर्ने गरेका छौं । अहिले हामीलाई वेस्ट इन्डिजसँग प्रतिस्पर्धा गर्ने मौका छ ।,’ उनले भने, ‘सबैजाना उत्साहित छन् । सबैजनाले अल्जारी जोसेफले बलिङ गर्दा कसरी खेल्ने यस्तै कुराहरु महसुस गर्छन् टिममा । त्यही हिसाबले तयारी पनि गरिरहेका छन् ।,’ विश्वकप छनोटका लागि टिम ब्यालेन्स छ र अवस्था अनुसार सबैले आफ्नो भुमिका बुझेर प्रदर्शन गरे सफलता सम्भव रहेको रोहितको बुझाइ छ ।

‘हाम्रो टिममा सबै कुरा ब्यालेन्स छ जस्तो लाग्छ । टियूमा ब्याटरहरुलले राम्रो गरेका थिए । दक्षिण अफ्रिका र जिम्बावेमा पिचको कस्तो कन्डिसन हुन्छ त्यहि हेरेर सबैले योगदान गर्नुपर्छ । समग्रमा हेर्दा ब्याटर, फास्ट बलर र स्पिनरहरुको राम्रो कम्बिनेसन छ,’ उनले भने ।

केही महिना अघि एकदिवसीय मान्यता पनि जोगाउन नसक्ने स्थितीमा रहेको नेपाली टिमले लगातार जित निकाल्दै एकपछि अर्को सफलता पाएको छ । दुई महिनामा एकदिवसीय मान्यता जोगाउनेदेखि सोझै विश्वकप छनोट र एसिया कपमा पनि छनोट भयो । यतिबेला नेपाली टिमले ‘मोमेन्टम’ पाएको छ । त्यही जित लयलाई कायम राख्यो भने नेपालले भारतमा हुने विश्वकपमा छनोट हुनेमा टिम मात्रै हैन पुरै नेपाली समर्थक आत्माविश्वासी छन् ।

आईसीसीले सार्वजनिक गरेको तालिकाअनुसार समूह ‘ए’ मा रहेको नेपालले जुन १८ मा घरेलु टिम जिम्बावेविरुद्ध खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ । यस्तै, जुन २० मा नेपालले अमेरिका, जुन २२ मा वेस्ट इन्डिज र जुन २४ मा नेदरल्यान्ड्ससंग समूह चरणको अन्तिम खेल खेल्नेछ ।

नेपालले विश्वकप छनोटअघि जिम्बावेमै दुई वार्म अप म्याच पनि खेल्ने छ । पहिलो वार्म अप युनाइटेड अरब इमिरेट्स (यूएई) संग जुन १३ मा र दोस्रो जुन १५ मा ओमानविरुद्ध खेल्नेछ । विश्वकप छनोटअघि नेपालले मात्रै टेस्ट राष्ट्रसँग वामअर्प म्याच खेल्न पाएन ।


छनोटमा १० राष्ट्रले भारतमा हुने एकदिवसीय विश्वकपमा स्थान बनाउन प्रतिस्पर्धा गर्नेछन् । छनोटमा सहभागी १० टिमलाई दुई समूहमा विभाजन गरिएको छ । समूह ‘ए’ मा नेपाल, वेस्ट इन्डिज, अमेरिका, नेदरल्यान्ड्स र जिम्बाब्वे छन् । समूह ‘बी’मा आयरल्यान्ड, ओमान, स्कटल्याण्ड, श्रीलंका र यूएई छन् ।

प्रत्येक समूहबाट शीर्ष तीन टिमले सुपर सिक्समा स्थान बनाउनेछन् र दुई टिमले विश्वकपमा स्थान बनाउनेछन् ।

**विश्वकप छनोट खेल्ने नेपाली टिमः**

रोहित पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, रोहित पौडेल, कुशल मल्ल, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी, गुलशन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भिम सार्की,प्रतिश जिसी, ललित राजवंशी, अर्जुन साउद र किशोर महत्तो

# नेपालको पहिलो व्यवसायिक बक्सर बन्न सफल भइन विभिशा



काठमाडौं । विभिशाले एशियाकै शिर्ष बक्सिङमा थाइल्याण्डकी डमोन्था थानी पराजित गरी नेपालको पहिलो व्यवसायिक बक्सरको नाम राख्न सफल बनेकी छिन् ।



विभिशाले थाइल्यान्डमा हाइल्यान्ड प्रमोशन अन्तर्गत शनिबार आयोजित चार राउन्डको प्रोफेशनल बक्सिङ बाउटमा घरेलु खेलाडी डमोन्था थानीलाई पराजित गरेकी हुन् ।

यो एसियाको शीर्ष बक्सिङ प्रमोशन प्रतियोगिता मध्ये एक हो । विभिशाले एबिसीको नियम अनुसार एटओजेड ग्लोभ्स र हेड गियर बिना चार राउन्ड प्रतिस्पर्धा गरेकी थिइन् । हाइल्यान्ड प्रमोशन डब्ल्युबिसी, डब्ल्युबिए, एबिएफ र डब्ल्युओबीको मान्यता प्राप्त प्रतियोगिता हो ।



# चेन्नई बन्यो पाँचौंपल्ट आईपीएल च्याम्पियन





महेन्द्रसिंह धोनीको टिम चेन्नई सुपर किंग्सले इन्डियन प्रिमियर लिगको उपाधि जित्दै पाँच पल्ट आईपीएल च्याम्पियन बनेको छ । सोमबार गुजरातको अहमदाबादमा आयोजित आईपीएल-२०२३ को फाइनलमा गुजरात टाइटन्सलाई हराउँदै चेन्नई पाँचौंपल्ट च्याम्पियन बनेको हो ।

यसअघि चेन्नई २०१०, २०११, २०१८ र २०२१ मा आईपीएल च्याम्पियन बनेको थियो । यससँगै डिफेन्डिङ च्याम्पियन रहेको गुजरात भने उपाधि रक्षा गर्न असफल रह्यो ।

चेन्नईले यस पटक फाइनलमा टाइटन्सलाई ५ विकेटले हराएको हो । गुजरात टाइटन्सले चेन्नई सुपर किंग्सलाई २१५ रनको विजयी लक्ष्य दिएको थियो । तर पहिलो ओभरको तीन बलमै वर्षाले खेल रोकिएपछि ओभर घटाइएको थियो । डक वर्थ लुइस नियमअनुसार ओभर घटाउँदै चेन्नईलाई १५ ओभरमा १७१ रनको लक्ष्य दिइएको थियो ।

चेन्नईका लागि डेभोन कनवेले सर्वाधिक ४७ रन बनाए । २५ बल सामना गरेका उनले ४ चौका र २ छक्का प्रहार गरे । त्यस्तै शिवम दुवेले नटआउट रहँदै २१ बलमा २ छक्कासहित ३२ रन बनाए । चेन्नईलाई अन्तिम २ बलमा १० रन चाहिएको अवस्थामा रवीन्द्र जडेजाले छक्का र चौका प्रहार गर्दै जित दिलाए । उनले ६ बलमा १ छक्का र १ चौकासहित १५ रन बनाए ।

चेन्नईका ओपनर रुतुराज गायकवाडले १६ बलमा २६ रन बनाए । कप्तान धोनी भने पहिलो बलमै आउट भए । उनलाई मोहित शर्माले डेभिड मिलरको हातबाट क्याचआउट गराए । धोनीले फाइनलमा रन जोड्न नसके पनि चेन्नईले सुखद बिदाइ दिएको विश्वास गरिएको छ । धोनीले यस संस्करणको अन्त्यसँगै क्रिकेटबाट सन्न्यास लिने विश्वास छ ।

गुजरातका लागि मोहित शर्माले ३ र नूर अहमदले २ विकेट लिए ।

यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको गुजरात टाइटन्सले निर्धारित २० ओभरमा ४ विकेट गुमाउँदै २१४ रन बनाएको थियो । गुजरातका लागि सबैभन्दा बढी साई सुदर्शनले ९६ रन बनाए ।

त्यस्तै रिद्धिमान साहले अर्धशतक प्रहार गरे भने कप्तान हार्दिक पाण्ड्याले नटआउट २१ रन बनाए । शुभमन गिलले २० बलमा ७ चौकासहित ३९ रन बनाए । उनले साहसँग पहिलो विकेटका लागि ६७ रनको साझेदारी गरे । साहले ३९ बलमा ५४ रन बनाए ।

चेन्नईका लागि मथीसा पथिरानाले २ तथा दीपक चहर र रवीन्द्र जडेजाले १/१ विकेट लिए ।



# विवादित नागरिकता विधेयक राष्ट्रपति पौडेलले गरे प्रमाणीकरण



काठमाडौं । लामो समयदेखि विवादित रहेको नागरिकता विधेयक राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका छन् । बुधबार बिहान उनले विधेयक प्रमाणीकरण गरेका हुन् ।

तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले रोकेको यो विधेयक राष्ट्रपति पौडेलले प्रमाणीकरण गरेका हुन् । अघिल्लो संघीय संसद्बाट पारित भएको नागरिकतासम्बन्धी विधेयकलाई राष्ट्रपति पौडेलले प्रमाणीकरण गरेका हुन् ।

संसद्का दुवै सदनले पारित गरेको नागरिकता विधेयक ०७९ साउन १६ मा तत्कालीन राष्ट्रपति भण्डारीसमक्ष प्रमाणीकरणका लागि पठाइएको थियोर । विधेयकमा चित्त नबुझेको भन्दै उनले संसद्लाई फिर्ता पठाएकी थिइन्र । दुवै सदनले दोस्रो पटक विधेयक हुबहु पारित गरेर भदौ २० मा राष्ट्रपतिकहाँ पठाएकोमा १५ दिनभित्र प्रमाणीकरण नगरी रोकेकी थिइन् ।

संवैधानिक व्यवस्था अनुसार दोस्रो पटक पाारित गरेर संसदले पठाएको विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्नैपर्ने हुन्छ । तर संविधानविपरीत पूर्व राष्ट्रपति भण्डारीले रोकेकी थिइन् ।

नयाँ जनादेशअनुसारको संसदलाई सरकारले पुरानै विधेयकलाई नयाँ राष्ट्रपतिबाट प्रमाणीकरण गराउन चाहेको थियोर । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित सत्ता गठबन्धन दलका शीर्ष नेताहरूले तीन साताअघि राष्ट्रपति पौडेललाई भेटेर पहिलेकै विधेयक प्रमाणीकरण गर्न आग्रह गरेका थिएर ।

दोस्रो पटक संसदले पठाएको विधेयक १५ दिनको समयसीमाभित्र राष्ट्रपतिले प्रमाणीकरण नगरे त्यसपछि के हुने भन्नेबारे संविधानमा प्रस्ट व्यवस्था छैनर । संविधानमा कुनै व्यवस्था नभएकाले तत्कालीन राष्ट्रपतिले गरेको संविधान उल्लंघनलाई वर्तमान राष्ट्रपतिबाट प्रमाणीकरणमार्फत सच्याएर जानुपर्ने तर्क सत्ता गठबन्धनको छर । प्रमुख प्रतिपक्ष एमालेले विधेयकको विपक्षमा छ ।

## गर्जिए ...

पहिचान बनाइसकेका नेता हुन् । महर्जनले सभामा बोल्ने क्रममा कर्णालीको रुपमा रहेको ललितपुरको दक्षिणी भेगको सदरमुकामको रुपमा हेरिने गोदावरी नगरपालिकाको ११ नम्बर वडा बज्रबाराहीमा रहेको जिल्ला अस्पतालमा बिरामी उपचार गर्न जाँदा डाक्टर नहुने, नर्स नहुने ललितपुर जिल्ला जस्तो अस्पतालमा एउटा एक्सरे मेसिनसम्म नभएको, औषधी उपलब्ध नहुने जस्ता समस्याका कारण स्थानीयहरूले जनप्रतिनिधिहरूलाई गाली गरिरहेको अबस्था छ । त्यसैले सो जिल्ला अस्पताल ब्यबस्थित रूपमा संचालन गर्न मुख्य मन्त्री र स्वास्थ मन्त्रीलाई माननीय मीनकृष्ण महर्जनले ध्यानाकर्षण गराएका छन् ।

कर्णालीको रुपमा हेरिने दक्षिण ललितपुरका आश्राङ, गिम्दी, म्यूटारलगायतका गाउँहरुमा बाटोघाटो, खानेपानी, कृषी, शिक्षालगायतका विषयमा अहिलेसम्म पनि विकास निर्माण कार्य खासै नभएको पनि ध्यानाकर्षण गराएका थिए ।

## गलत ऋण ...

यसैसँग आवद्ध शिवशिखर सहकारीको बचत फिर्ता गर्न नसक्दा उनका श्रीमान केदारनाथ शर्मा फरार छन् भने अन्य सञ्चालकहरु पुष्कर मल्ल र अनिश राज भण्डारी यसअघि पक्राउ परिसकेका छन् । यसरी गलत पात्र र तिनका कम्पनीहरुमा लगानी भएको बैंकको रकम नउठ्ने जोखिम बढ्दा हजारौं बचतकर्ताको निक्षेप रकम डुब्ने खतरा बढेको हो ।

बिग मर्जरमा जानु अघिनै बैंक कमजोर रहेको थियो । आफ्ना कमजोरी लुकाउन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक सेरचनले धेरै हत्कण्डा अपनाउने गरेका छन् । चैत मसान्तसम्म बैंकले देखाएको रिपोर्ट अनुसार बैंकको खराब कर्जा अनुपात ( एनपीएल) ३.४८ प्रतिशत पुगेको छ । तथापी यो तथ्यांक भन्दा अझ धेरै खराव कर्जा छ । जसलाई बैंकले गुपचुप अवस्थामा राखेको छ ।

अघिल्लो वर्ष एनपीएल १.२१ प्रतिशतमा सीमित रहेको बैंकको खराव कर्जा आगामी असार मसान्तसम्म १० प्रतिशत पुग्ने देखिन्छ । बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक सेरचनले विभिन्न ठुला ग्रुपसँग मिलेर व्यवसाय संचालन गरिरहेका छन् । जसमा उनी आफै प्रत्यक्ष संलग्न भएर कर्जा प्रवाह गरेको देखिन्छ । बैंकले करिव १० अर्ब डुवेको रकम रिपोर्टमा देखाएको छैन ।

बैंकले डुव्दै गरेका कम्पनीका नाममा कर्जा प्रवाह गर्ने र त्यसबाट सिइओले फाइदा लिने गर्दा बैंकको रकम जोमिम तर्फ गएको हो । बैंकको खराव सुचकांक बढ्दै गएको छ । बैंकको ईपीएस घटेर ११.०७ रुपैयाँ कायम भएको छ । अघिल्लो वर्ष ईपीएस १५.७२ रुपैयाँ थियो । पीई रेसियो १२.३२ गुणा रहेको बैंकको प्रतिसेयर नेटवर्थ १४२.८५ रुपैयाँ रहेको छ । ठूलो र बलियो बन्ने होडबाजीले प्रभु बैंकले हालै सेन्चुरी बैंकलाई आफूमा गाभेर एकीकृत कारोबार गरेको छ । प्रभु बैंकले १:१ को स्वाप अनुपातको समान हैसियतमा सेन्चुरीलाई प्राप्ति गरेको हो । सेन्चुरी बैंकबाट पनि देउराली सहकारीका विवादित र निक्षेपकर्ताहरुको अगाडि समेत पर्न नसक्ने अवस्थामा पुगेका रविन्द्र चौंलागाईले करोडौं ऋण लिएको र सो ऋणको सावाँ र ब्याजसमेत नतिरेका कारण सेन्चुरी र प्रभु गाभिदा झन प्रमु बैंकलाई सिधै असर पर्दा प्रभु बैंक कुनै पनि बेला धरासाही अवस्था आउन सक्छ ।

हाल बैंकका अध्यक्ष लीलाप्रकाश सिटौला कायम छन् भने प्रमुख कार्यकारी अधिकृतमा अशोक शेरचन शेरचनको अवधि सकिएपछि जबरजस्त बैंक मर्जर गराएर उनलाई फेरि सिइओ बनाइएको हो । उनको यस अघि आठ बर्ष अर्थात् दुइ कार्यकालको अवधि पुरा भइसकेको छ । सो भन्दा बढी एउटै बैंकमा बस्न नमिल्ने राष्ट्र बैंकको नियमामवलीमा उल्लेख छ ।

## पशुपतिको ...

भित्र भित्र नेताहरुले आफूहरुलाई छुने गरी विषय नउठाउने सहमति गरेका छन् । त्यसैले भुटानी शरणार्थी प्रकरण मन्द हुँदै गएको छ । जलहरी काण्ड उठेपछि एमालेले शिविरको अनियमितताको आरोपको विषय उठाउन छाडेको छ ।

महालेखाको प्रतिवेदनले नै जलहरीमा घोटालाको विषय छर्लङ्ग पारिदिएको छ । ११ किलो सुन नै पित्तल या अन्य धातु बनाइएको छ । पशुपतिनाथमा जलहरी लगाउँदा सुनमा ११ किलो पित्तल लगाएको महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन आएको संसदमै उल्लेख भयो । त्यतिबेला प्रधानमन्त्री थिएओली । आफू जलहरीलाई सुन दिने निर्णयमा भएको तर सुन जोख्नेमा नभएको प्रतिक्रिया दिएर पन्छन खोजेका छन् अहिले । यसलाई भनिन्छ गैरजिम्मेवारीपन । पशुपतिनाथको भक्त नै जसरी ओलीले प्रधानमन्त्री हुँदा जलहरीका लागि ३० करोड नेपाली रुपैयाँ दिने निर्णय गराए । के के नै गरेको जस्तो त गरे तर त्यसमा पनि घोटाला भयो ।

२०७७ फागुनमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा पशुपतिनाथको गर्भ गृहमा रहेको शिवलिङ्गमा ९६ किलो सुनको जलहरी राखिएको थियो । यो विषय विवादमा परेको थियो । ओलीले आफू हिन्दु धर्मप्रति आस्थावान भएको देखाउन खोजे । जलहरी त हाले तर फेरि धर्मनीरपेक्षको पगर बाँधेर फलाक्न थाले । ओलीले जलहरीमा आफ्नो वास्तविकता उजागर गरेका छन् । अहिले विवादमा परेपछि प्रचण्डसँग आफूहरुलाई अप्ठ्यारो पर्ने बोली नबोल्ने सहमति बनाएका छन् ।

## प्रचण्डले ...

जलविद्युतमा लगानी भित्राउने हिसाबले महत्वपूर्ण सावित हुने भएको छ । उनले जलविद्युतका ठूला आयोजनामा लगानी ल्याउने सम्भावना देखिएको छ ।

पेट्रोलियम पाइपलाइन निर्माण, एकीकृत सीमा चेकजाँचमा पनि महत्वपूर्ण सम्झौता हुँदैछ । सीमाबारे पनि कुराकानी गर्ने प्रचण्डको एजेन्डा छ । तर, यसमा खास प्रगति हुने सम्भावना छैन । भारतले कालापानी, लिपुलेक र लिम्पियाधुरा छाड्नेवाला देखिदैन । यो विषय लामो समय विवादमै रहनसक्छ । सीमा क्षेत्रमा हुने सुधारका कार्यक्रमहरु भने आउन सक्छन् । भारतले नेपाललाई दिनेभन्दा बढी लिने गरेको इतिहास साक्षी छ । विशेषगरी जलविद्युतमा नेपाल पटक पटक ठगिएको छ । पञ्चेश्वरको एकीकृत आयोजनासहितको महाकाली सन्धी भएको ३० वर्ष पुग्न लाग्यो । तर, अझै डिपिआर बन्न सकेको छैन । प्रचण्डले यसबारे खास कुरा गर्ने योजनाका साथ पुगेका छन् । महकाली सन्धीले नेताहरुलाई बदनाम मात्र बनायो । २०५२ सालमा राजनीतिक उथलपुथल नै गराउने यो घटना देशमा अस्थिरताको बीउ मात्र बन्यो । सन्धी त भयो तर अझै आयोजना बनाउने कुरै छैन । डिपिआरसम्म बन्न सकेन । यस्ता विषयमा प्रचण्डले प्रष्ट कुरा राख्ने अपेक्षा गरिएको छ ।

प्रचण्डको भ्रमण हुन्छ या हुँदैन भन्नेसम्म आशंका भइरह्यो । अन्तमा गत शनिबार अकस्मात दुवै देशबाट विज्ञप्ति आयो । १७ जेठबाट २० जेठसम्म प्रचण्ड भारत जाने तय भयो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको औपचारिक निम्तोमा प्रधानमन्त्री प्रचण्डको भ्रमण हुन लागेका उल्लेख भयो । भ्रमण टोलीमा प्रचण्डकी छोरी गंगा दाहाल पनि हुनेछन् । अर्थमन्त्री डा. प्रकाशशरण महत, ऊर्जामन्त्री शक्ति बस्नेत, उद्योगमन्त्री रमेश रिजाल, भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला पनि भ्रमण दलमा छन् । यति धेरै मन्त्रीहरु लिएर जान लागेकाले महत्वपूर्ण कुराकानी र सम्झौता हुने निश्चित छ ।

प्रचण्डले आज बिहिवार भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग हैदरावाद हाउसमा भेटवार्ता गर्ने तय छ । त्यसपछि संयुक्त पत्रकार सम्मेलन हुनेछ । प्रचण्डले भारतका राष्ट्रपति द्रौपदी मुर्मू र उपराष्ट्रपति जयदीप धनखडसँग पनि भेट्ने कार्यक्रम तय छ । उनीउजेंन र इंडोरको पनि भ्रमण गर्ने तय छ । तेस्रोपटक प्रधानमन्त्री भएपछि यो प्रचण्डको पहिलो विदेश भ्रमण हो । उनी पहिलो पटक प्रधानमन्त्री हुँदा पहिलो विदेश भ्रमण चीनलाई बनाउन पुगेका थिए । यसपटक भने चीनको निम्तो आउँदा आउँदै पनि भारततर्फ नै लागे । यसका लागि निकै लामो प्रतिक्षा र धैर्यता देखाउन पुगे ।

## रेशम फेरि...

सार्वजनिक गर्ने पूर्णपाठ र त्यसपछि आममार्फीविरुद्ध परेको मुद्दा सक्रिय भई रेशम जेल जानेछन् । रेशमको आममार्फीले प्रचण्ड पनि आलोचित भएका छन् । प्रचण्डमाथि पनि द्वन्द्वकालमा मानवअधिकार उल्लंघनको आरोपसहित मुद्दाहरु छन् । संयोग नै मान्नुपर्छ प्रचण्ड नेतृत्वकै सरकारले हिंसा मच्चाउने शक्तिका नेतालाई आममाफी दिने निर्णय लिएको छ । चौधरी थारु बाहुल्य कैलालीका हुन् । उनले २०७४ को चुनाव पनि जितेका थिए । फरार अवस्थाबीच नै चुनाव जितेका थिए । पछि जेल परे तर सपथभन्दा माथि केही गर्न सकेनन् ।

## नेपालले ...

गम्भीर चासो राख्दै अमेरिकी सरकारलाई नोट पठाएको हो । नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शनिवार संसदमा बोल्दै सरकारका तर्फबाट ध्यानाकर्षणसहित अमेरिकी दूतावासमार्फत् अमेरिकी सरकारलाई नोट पठाएको जानकारी दिए । सरकारले पठाएको नोटमा कतिपय विवादास्पद विषयमा प्रश्न उठाइएको प्रचण्डले बताए ।

अमेरिकाले हालै सार्वजनिक गरेको अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रताको नेपाल सम्बन्धी रिपोर्टमा नेपालमा हिन्दु राष्ट्रको पक्षमा अभिव्यक्ति दिन भारतीय जनता पार्टी र भारतका अन्य हिन्दू समूहले रकम दिने गरेको आरोप लगाएको थियो । यो आरोपले नेपालको राजनीतिकवृत्तमा तरंग आयो । अमेरिकाले इशाईहरुप्रति कठोर नीति लिएको भन्दै सरकारको समेत आलोचना गरेको छ । १३ पृष्ठको रिपोर्टमा नेपालमा इशाईको संख्या ५ प्रतिशतसम्म पुगेको दाबी गरिएको छ ।

## सेन्ट्रलजेलभित्र ...

ठगीधन्दा उनले शुरु गरिरहेकी छिन् ।

उनको दिनचर्यानै कसरी त्यहाँ कैदी जिवन बिताइरहेका कैदीहरुलाई ठग्न र लुट्न सकिन्छ भन्ने कुरामा केन्द्रित हुने गरिएको पाइएको छ । उनले त्यहाँ रहेका अन्दाजी २०० जनाभन्दा बढी केदीहरुसँग सेटिङ गरी केश मिलाईदिन्छु भन्दै ५० हजारदेखि ५ लाखसम्मको रुपैयाँ ठगी गर्ने गरिएको पाइएको छ । पछि आफु ठगिएको चाल पाई पैसा फिर्ता माग्दा अनिलाले अन्यत्रै सरुवा गराइदिने धम्कीदेखि शारीरिक यातना दिएर कुटपिट समेत गर्ने गरेकी छिन् । दुई महिना अगाडी कैदी गौरी शाहलाई मरणतान्त हुने गरी कुटपिट समेत गर्दा पनि त्यहाँको प्रशासन मौन बस्नुले ठूलै सेटिङ छ भन्ने कुरा छताछुल्ल हुनुका साथै जोकसैले यो बुझ्न गाह्रो छैन । सख्त घाइते भएकी गौरी शाहलाई पछि अस्पताल लगिएर घटनालाई गुपचुप बनाइएको जानकारी खोजतलसले पत्ता लगाएको छ । यस्तोमा कारागार प्रमुखले नै उनलाई ठूलो बहिदार नामको पद दिनु र त्यसको आडमा अनिलाले मनोमानी तवरले कैदीहरुलाई ठग्नुले कारागार प्रमुख र कारागार व्यवस्थापन विभाग प्रमुखबीच ठूलै साँठगाँठ रहेको बुझिन्छ ।

## बढेन क्यासिनोले बुझाउनुपर्ने रोयल्टी

काठमाडौं । सरकारले आगामी आर्थिक वर्षदेखि लागू हुने गरेर क्यासिनोलाई डेढ करोड रोयल्टी तोकेको छ । आगामी आर्थिक वर्षको बजेटमार्फत इजाजत पत्र प्राप्त व्यक्ती वा संस्थाले क्यासिनो सञ्चालनबापत डेढ करोड रुपैयाँ रोयल्टी बुझाउनुपर्ने व्यवस्था भएको हो । सरकारले चालू आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत समेत क्यासिनोलाई यही दरको रोयल्टी ल्याएको थियो । जुन, आगामी आर्थिक वर्षलाई समेत कायम रहेको हो ।

यस्तै, आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खोलको लागि वार्षिक डेढ करोड ५० लाख रुपैयाँ रोयल्टी तिर्नुपर्ने व्यवस्था गरिएको छ । यस्तै, प्रयोजनको लागि एउटा इजाजतपत्रबाट एक स्थानमा मात्र त्यस्तो खेल सञ्चालन गर्न पाइने व्यवस्था समेत गरिएको छ ।

रोयल्टी रकम सम्बन्धित क्यासिनो सञ्चालन गर्न इजाजतपत्रप्राप्त व्यक्ती वा संस्थाले पुस मसान्तभित्र ४० प्रतिशत, चैत मसान्त भित्र ७० प्रतिशत र बाँकी रकम असार मसान्तभित्र दाखिल गर्नुपर्ने छ । रोयल्टी बुझाउनुपर्ने समय नाघेको ३ महिनासम्मको लागि रोयल्टी १५ प्रतिशतका दरले थप शुल्क र सो अवधिपछिको बाँकी ३० प्रतिशतका दरले वार्षिक शुल्क थप हुने व्यवस्था छ ।

# अबैध रकम असुली गर्दै सर्लाही ट्राफिक

सर्लाही । सर्लाहीको ट्राफिक प्रहरी ट्राफिक व्यवस्थापनका लागि भन्दा पनि सवारी चालकसँग अवैध रकम असुल गर्न लागि परेको देखिएको छ । सर्लाहीका विभिन्न चोक, गल्ली तथा सडकहरु अस्तब्यस्त हूँदै गएका छन् । ट्राफिक प्रहरीले कागजपत्र नभएको सवारी चालकसँग अवैध रकम असुल गर्ने गरेको सवारी चालक राजू गूप्ता बताउँछन् । राजमार्ग क्षेत्रमा खटिनुपर्ने ट्राफिक प्रहरीहरू जंगल क्षेत्रका राजमार्गमा देखिन थालेपछि सर्लाहीका मुख्य चौक पूर्व-पश्चिम राजमार्ग क्षेत्रको ट्राफिक व्यवस्थापन अस्तब्यस्त भएको छ ।अत्यधिक सवारी साधन चल्ने पूर्व-पश्चिम राजमार्ग स्थित शहरी क्षेत्रमा खटिनको साटो एकान्त स्थल र जङ्गल क्षेत्रमा चेकिङ्गको बहानामा दैनिक जसो ट्राफिक प्रहरी रहने गरेका छन् ।चेकिङ्ग गर्ने क्रममा ट्राफिक प्रहरीकै कारण राजमार्गमा जाम हुने गरेको मोटरसाईकल चालक उत्तम पोखरेलले बताउँछन् । सवारी साधन चेकिङ्ग गर्दा ट्राफिक प्रहरीले यान्त्रिक अवस्था हेर्दैनन् । केबल मालबाहक र पशु लोड गरेको सबारी साधनलाई रोकेर चेकजाँचको नाममा सवारी साधनलाई दु:ख दिने गरेको गुनासो चालकहरुको रहेको छ ।

कमजोर ट्राफिक व्यबस्थापनको कारण सर्लाही जिल्लाको फूलजोर, बयलवास, रानिगंज, लालबन्दी, नबलपूर, हरिवन, नयाँ रोड, बागमति, बरहथवा,हरिपूर र सदरमूकाम मलङवा लगायतको शहरी क्षेत्रमा जथाभाबी पार्किङ्ग छ । सवारी साधनको जथाभाबी पार्किङ्ग, दोहोरो पार्किङ्ग, फुटपाथ मिचिनुले पैदल यात्रीलाई सास्ती खेप्नू परेको छ । राजमार्गका बस्तीमा हुने ट्राफिक अस्तब्यस्तलाई नियन्त्रण गर्नुको साट्टो ट्राफिक प्रहरीले जङ्गलमा ढुकेर चेकजाँचको नाममा सवारी साधनका चालकलाई दु:ख दिने मात्र हैन, सवारि चालक सङ्ग अवैध रकम समेत लिने गरेको गुनासो बढेको छ ।ट्राफिक प्रहरीको चेकजाँच सडक दुर्घटना न्यूनीकरण कायम गर्न नभई नियमविपरीत चलेका सवारी साधनसँग अवैध रकम असुलीको लागि ट्राफिक प्रहरी चेकिङ्ग भएको सवारी चालक बताउछन् । जंगल क्षेत्रमा चेकिङ्गमा बसेका ट्राफिक प्रहरीसँग नत मापसे चेक गर्न ब्रेथलाईजर नै छ नत गति मापन गर्न राडर मेसिन राख्ने गरेका छन् ।चालक भन्छन्, 'दुर्घटना न्यूनीकरण गर्नुभन्दा पनि रकम असुल गर्नु नै ट्राफिक प्रहरीको प्राथमिकतामा पर्ने गरेको छ ।' माछा लोड गरेर फाइन काटन् आउदा चेकिङ्गमा बसेका ट्राफिक प्रहरी सय र पचास माग्ने गरेको गूनासो ट्राफिक प्रहरी निरीक्षक लेखनाथ मैनालीलाइ पटक पटक आउदा समेत उनी ट्राफिक मैन छन् । यस बिषयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका ट्राफिक प्रहरी निरिक्षक लेखनाथ मैनालीलाइ सोध्दा उनी भन्छन्, 'हामीलाइ माथीबाट नै राजस्व बढाउन भनेकाले हामीले चेकजाँचलाई बढाएका हौं । कसैलाई दु:ख दिएका छैनौं ।' मैनाली कसैलाई दु:ख नदिएको भन्दै पन्छिए । सर्लाहीको विभिन्न ट्राफिक पोस्टहरुले कम रकमको फाइन काटेर सय पचास लिने गरेका छन् ।

हबल्दार शिब काफ्ले ट्राफिक प्रमूख मैनालीका विश्वास पात्रको रुपमा रहेका छन् । जिल्ला भित्रका प्रतेक ट्राफिक यूनिटबाट कमिसन उठाएर ट्राफिक प्रहरी निरिक्षक लेखनाथ मैनालीलाइे बूझाउने गरेको यातायात व्यावसायीहरु बताउँछन् । जिल्लाका यातायात व्यावसायीहरु, अटो व्यावसायीहरु लगायतसंग महीनावारी असुल्ने गरेको पाइएको छ । ट्राफिक प्रहरीले दुर्घटना भएका सवारी साधनहरुलाई मिलाइ दिने बाहनामा, मालबाहक सवारी साधनहरुलाई लाईन मिलाइ दिने बाहनामा, बिल बुक हराएका सवारी साधनहरुको सिफारिस दिने बहनामा महिनावारी असुल्ने गरेको छ । काफ्ले मैनालीका विश्वास पात्रको रुपमा रहेका छन् । तर ट्राफिक प्रहरीले असुल्ने कमिसनका बारेमा आफुलाई कुनै जानकारी नै नभएको र त्यस्तो भेटिएमा आवश्यक कार्बाही गर्ने प्रहरी निरिक्षक मैनालीले बताए । कमिसन बढी दिनेलाइ बढि कमाइ हुने पोस्टमा पठाउने र कमिसन कम दिनेलाई कम कमाइ हुने पोस्टमा पठाउने गरेको पाइएको छ ।

# देउवाले टार्दै आएको कांग्रेस केन्द्रीय समितिको बैठक जेठमै बस्ला ?



काठमाडौं । नेपाली कांग्रेसले भ्रातृ संगठनलाई पूर्णता दिन गृहकार्य थालेको छ । नेविसंघ र तरुण दललाई केही दिनमा पूर्णता दिने गरी छलफल अघि बढाएको हो ।

अहिले नेविसंघ र तरूण दलमा अध्यक्षमात्रै छन् । पार्टीका भ्रातृ संगठनहरुलाई पूर्णता दिनेबारे पार्टीमा छलफल भइरहेको सहमहामन्त्री डिना उपाध्यायले बताइन् ।

उनले भनिन्, 'केही समयअघि बसेको पदाधिकारी बैठकमा पनि छलफल भएको थियो । अब केही समयमा टुंग्याउने गरी छलफल भइरहेको छ । चाँडै टुंग्याउनुपर्छ भन्नेमा पार्टी नेतृत्व सहमत हुनुहुन्छ ।'

यस्तै पार्टीको जेठ मसान्तसम्ममा केन्द्रीय समिति बैठक बस्ने महामन्त्री गगन थापाले बताए । कांग्रेसको गत वर्ष साउनदेखि केन्द्रीय समिति बैठक बस्न सकेको छैन । पार्टीका नेताहरुले पटक पटक बैठक बस्न माग गर्दै आए पनि देउवाको अनिच्छाको कारणले बैठक बस्न सकेको छैन ।

तर, महामन्त्री थापाले अब बस्ने बैठकले त्यसपछिका बैठक कहिले कहिले बस्ने भन्ने मिति तय गर्ने बताए । उनले भने, 'जेठको मसान्तमा बस्ने भनिएको बैठकले केन्द्रीय समिति कुन महिनाको कति गते बस्ने भनेर वर्षभरको तिथिमिति पनि निर्धारण गर्छ । केन्द्रीय समिति बैठक बसेन भन्ने गुनासा अब हट्छन् ।'

कांग्रेस विधानअनुसार पार्टीको बैठक दुई महिनाको अन्तरमा बस्नुपर्ने उल्लेख छ । तर, पार्टी नेतृत्वकै कारणले बैठक बस्न नसकेको भन्दै नेताहरु रुष्ट छन् । पार्टीलाई सुधार्न अब प्रत्येक सदस्य जोखिम उठाउन तयार हुनुपर्ने महामन्त्री थापाको भनाइ छ । उनले पार्टी सुधार्न भदौमा नीति अधिवेशन गर्ने तयारी भइरहेको बताए । उनले भने, 'मेरो महामन्त्री पद गए पनि जाओस् । म कांग्रेस कार्यकर्तामात्रै भएर बस्न परे बस्न तयार छु ।'

कांग्रेसका अर्का नेता गुरुराज घिमिरे पार्टीको केन्द्रीय समितिको बैठक चाँडै बस्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'हामीले केन्द्रीय समितिको बैठक राख्न पहिलादेखि नै माग गरिरहेका छौं । अहिलेसम्म राख्न सकेको छैन । गत निर्वाचनको अहिलेसम्म समीक्षा हुन सकेको छैन । त्यसैले हामीले बैठक राख्न माग गरिरहेका छौं । तर, अहिलेसम्म मिति तय भएको छैन ।'

त्यसो त घिमिरेसहित संस्थापन इतर पक्षका युवा नेताहरुले कांग्रेस रुपान्तरण अभियान पनि चलाइरहेका छन् । पार्टीभित्र देखिएका कमीकमजोरीको अन्त्य, कांग्रेस नेतृत्वले लिएको नीति, पार्टी सभापतिको कार्यशैलीका विषयमा पनि छलफल चलाइरहेका छन् ।

देउवाले पार्टीभित्र उठेका विषयलाई बैठक नराखी टार्दै गइरहेको नेताहरुको आरोप छ । अहिले चर्चामा रहेको नक्कली भुटानी शरणार्थी प्रकरणमा पार्टीका नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाणलाई कारबाही गर्नुपर्ने विषयमा पार्टी नेताहरुले देउवामाथि दबाब बढाइरहेका छन् ।

इतर पक्षका नेता डा. शेखर कोइराला, महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्मासहित अधिकांश नेताहरुले खाणलाई निलम्बन गर्नुपर्ने अडान राखे पनि देउवाले सुनेका छैनन् । आरोप लाग्दैमा अपराधी नहुने भन्दै अदालतको फैसला कुर्नुपर्ने संस्थापन पक्षको बुझाइ छ ।